दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २८६ | बुटवल | २०८१ कार्तिक ०३, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Oct. 19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मारवाडीको पक्षमा अन्तरकालीन आदेश

बुटवल । पशुपतिस्थित गौशाला धर्मशाला विवादमा उच्च अदालत पाटनले मारवाडी सेवा समितिको पक्षमा अन्तरकालीन आदेश जारी गरेको छ।

न्यायाधीश डालकुमार खड्काले समितिको मागबमोजिम तत्काल गौशाला धर्मशालामा हस्तक्षेप गर्न आदेश दिएको हो। साथै अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गर्न दुवै पक्षलाई अदालतमा बोलाएको छ।

पशुपति क्षेत्र विकास कोषले गौशाला धर्मशाला सञ्चालन र व्यवस्थापनका लागि काठमाडौँ महानगरपालिकालाई जिम्मा दिएपछि मारवाडी सेवा समिति उच्च अदालत पुगेको थियो।

यसअघि मारवाडी सेवा समितिले गौशाला धर्मशाला सञ्चालन गर्दै आएको थियो। कोषले महानगरपालिकालाई जिम्मा दिएपछि महानगरले आफ्नो बोर्ड टाँसेर नियन्त्रणमा लिने प्रयास गरेको थियो।

मारवाडी सेवा समितिले भने ८० वर्षदेखि सञ्चालन गर्दै आएको गौशाला धर्मशालामा आफ्नो मोहियानी हक कायम हुने दाबी गर्दै आएको छ।

कोषले भने गुठीको जग्गामा मोहियानी हक नलाग्ने तर्क गर्दै आएको छ। त्यस्तै मोहियानी हक व्यक्तिका लागि मात्र हुने भएकाले संस्थाले त्यस्तो हक नपाउने कोष पक्षधरको तर्क छ।

मारवाडी सेवा समितिले गौशाला धर्मशाला हस्तान्तरण नगरेपछि महानगरपालिकाले बल प्रयोग गर्न खोजेको थियो। धर्मशाला क्षेत्रमा गैरकानुनी संरचनासमेत निर्माण गरिएको भन्दै महानगरपालिकाले तिनलाई हटाउन डोजर पठाएको थियो। त्यहाँ तनावको स्थिति सिर्जना भएपछि नेपाल प्रहरीले डोजर नियन्त्रणमा लिएको थियो।

## सन्दीपले पाए अमेरिकाको भिसा

बुटवल। क्रिकेटर सन्दीप लामिछानेले अमेरिकाको भिसा पाएका छन्। भिसा पाएपछि उनी शुक्रबार साँझै अमेरिकातर्फ प्रस्थान गरेको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ।

'इन्टरनेसनल क्रिकेट काउन्सिल (आइसीसी) को कार्यक्रम अनुसार नेपाल, स्कटल्याण्ड र अमेरिकाबिच यही अक्टोबर २५ देखि नोभेम्बर ४, २०२४ सम्म अमेरिकामा सञ्चालन हुने आइसीसी सीडब्लुसी लिग-२ प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछानेलाई अमेरिकी राजदूतावासबाट भिसा प्राप्त भएको' क्यानले विज्ञप्तिमार्फत् जनाएको छ।

लामिछानेविरुद्ध लागेको बलात्कार मुद्दामा निर्दोष ठहर भई सो मुद्दा सधैँका लागि टुंगिएपछि अमेरिकाले भिसा दिएको हो। यसअघि उसले सन्दिपलाई भीसा दिएको थिएन।

सहकारी ठगी प्रकरण :

# पूर्व गृहमन्त्री रवि लामिछाने पक्राउ



**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लाामिछाने पक्राउ परेका छन्।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न आरोपमा अनुसन्धान गर्न कास्की जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएपछि उनी पक्राउ परेका हुन्।

जिल्ला अदालत, कास्कीबाट पक्राउ अनुमति लिएर प्रहरीले काठमाडौंस्थित रास्वपाको केन्द्रीय कार्यालयबाट लामिछानेलाई पक्राउ गरेको हो। पक्राउ पर्नुअघि उनले कार्यकर्तालाई संक्षिप्त सम्बोधन गरेका थिए। जिल्ला प्रहरी कार्यालय, कास्कीले उनलाई पक्राउ गरेर पठाइदिन भन्दै केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) लाई अनुरोध गरेको थियो। त्यसअनुसार ब्यूरोबाट खटिएका प्रहरी उपरीक्षक होविन्द्र बोगटी नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो।

लामिछानेविरुद्ध प्रहरीले सहकारी ठगीसँगै संगठित अपराधको कसुरमा पनि अनुसन्धान गर्न अदालतबाट अनुमति लिएको छ।

लामिछानेलाई शुक्रबारै स्थलमार्गबाट जिल्ला प्रहरी कार्यालय, कास्की लगिएको छ। जिल्ला प्रहरी कार्यालय, कास्कीले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) सहितका प्रहरी निकायलाई पठाएको पत्रमा 'ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दा'मा अनुसन्धान गर्न लामिछानेलाई पक्राउ गरेर पठाइदिन भनेको थियो।

कृष्णप्रसाद जैसीसमेतको जाहेरी र प्रहरी प्रतिवेदनका आधारमा अघि बढेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सम्बन्धी मुद्दामा २ कात्तिकमा लामिछानेलाई पक्राउ गर्न अनुमति जारी भएको पत्रमा उल्लेख छ। पोखराको सूर्यदर्शनको रकम अपलचन गरेको आरोपमा असोज ६ मा पूर्व डीआइजी छविलाल जोशी पक्राउ परेका थिए। लगत्तै रवि पक्राउको तयारी अघि बढाइएको थियो।

सहकारी छानबिन समितिले जीबी राई, रवि लामिछाने, कुमार रम्तेल र छविलाल जोशीलाई सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा ल्याएर अपचलन गरेको ठहर गर्दै कारबाहीको दायरामा ल्याउन सिफारिस गरेको थियो। समितिको प्रतिवेदन मन्त्रिपरिषद् बैठकले नै कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ। मन्त्रिपरिषद्ले कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाएको थियो।

गृहमन्त्री लेखकले आइतबार प्रहरी महानिरीक्षकलाई बोलाएर उक्त प्रतिवेदन कार्यान्वयनमा अगाडि बढ्न निर्देशन दिएका थिए।

पूर्वडीआइजीसमेत रहेका जोशी, पूर्वगृहमन्त्री लामिछाने र सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई गोर्खा मिडिया नेटवर्कबाट चलेको ग्यालेक्सी टिभीका सहकर्मी हुन्।

अदालतबाट पक्राउ पुर्जीपछि पार्टी कार्यालयमा रास्वपाका कार्यकर्ता र समर्थकहरूको बाक्लो भिड उपस्थित भएको थियो।

प्रहरी अधिकारीहरू पनि बाक्लो संख्यामा उपस्थित भएका थिए। लामिछानेसँगै पक्राउ पुर्जी जारी भएकाहरूमा विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्त बाबु राई, रामबहादुर खनाल, देवेन्द्र बाबु राई, विज्ञान राई, ओम प्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने र कल्पना कुमारी श्रेष्ठ छन्।

## 'राज्यले पूर्वाग्रह राख्यो'

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले राज्यले आफूमाथि पूर्वाग्रह राखेको आरोप लगाएका छन्। सहकारी ठगीको मुद्दामा अनुसन्धानका लागि प्रहरीले पूर्व गृहमन्त्री लामिछानेलाई पार्टी कार्यालयबाटै पक्राउ गरेपछि सञ्चारकर्मीहरुलाई प्रतिक्रिया दिने क्रममा लामिछानेले आफूले कुनै अपराध नगरेको दाबी गरे। तर यो सरकार बनाउने निर्णय भएको दिनमा आफूलाई जसरी पनि पक्राउ गर्ने तय भएको भन्दै उनले भने- 'अदालत प्रक्रियामा सम्मान गर्न चाहन्छु। तर राजनीतिक पूर्वाग्रहमा खुलेर लड्न आग्रह गर्छु।' उनले राज्यको दादागिरी डटेर सामाना गर्न अपील गरे। त्यसअघि आफूविरुद्ध पक्राउ पुर्जी जारी भएपछि उनले कडा प्रतिक्रिया दिएका थिए। सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले एउटा नेताको राजनीति जोगाउन दुई तिहाइ सरकार जोगाइदिनु आफू बलि चढ्नुपर्ने ? भन्दै प्रश्न गरेका छन्। एउटा नेता भनेर उनले कांग्रेस महामन्त्री गगन थापालाई इंगित गरेका हुन्।

उनले सरकार मरेको र आफूहरूलाई जुठो परेको प्रतिक्रिया दिएका छन्। 'सरकार मऱ्यो, हामीलाई जुठो पऱ्यो ! तपाईंको हातमा तस्करले दिएको करोड पर्ने घडी, मेरो हातमा चाहि हतकडी ? तपाईं विचौलियाको सेवा गरेबापत लाखौंको चस्मा र जुत्ता लगाउने, मुद्दा मैले खेपिदिनुपर्ने ?,' रविले प्रश्न गरेका छन्, 'तपाईं प्रमाणित भ्रष्टाचारीबाट करोडौंको जग्गा खुल्लम खुल्ला लिने, मैले ठगीको आरोप खेपी दिनुपर्ने।' साथै, लामिछानेले एउटा नेताको राजनीति जोगाउन दुई तिहाइ सरकार जोगाइदिनु आफू बलि चढ्नुपर्ने ? भन्दै प्रश्न गरेका छन्। 'तिमीहरू राज्यका भए भरको शक्ति लगाएर अनुसन्धान गर्दा पनि केही भेट्दैनौ अनि तिम्रो एउटा नेताको राजनीति जोगाउन र तिम्रो दुई तिहाइको सरकार जोगाइदिन म बली चढ्नु पर्ने ? तिमी र तिम्रा नेता मिलेर सहकारीबाट ८७ अर्ब अपचलन गर्ने, म सहकारी ठग भैदिनु पर्ने ?', रविको प्रश्न छ।

साथै, उनले आफूले भ्रष्टाचारी समाउन प्रधानमन्त्रीको अफर लत्याएको, तीनै भ्रष्टाचारी जोगाउन ओलीले रातारात विचौलियालाई साक्षी राखेको लगायतका विषय लेखेका छन्। 'ओली जी, भ्रष्टाचारी समाउन मैले प्रधानमन्त्रीको अफर लत्याए, तिनै भ्रष्टाचारी जोगाउन तपाईंले त्यही अफर रातारात विचौलियालाई साक्षी राखेर लिनुभो। वाचा स्वरुप तपाईंले मेरो बली चडाउने सम्झौता त्यसै रात गर्नु भएको थियो।

» बाँकी ३ पेजमा

# बुटवलमा बिक्यो पाँच करोडको कर्णालीको स्याउ

सरकारले स्याउ खेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहनमूलक नीति र कार्यक्रम लागू गर्ने हो भने सिंगो देशलाई ६ महिनासम्म पुग्ने स्याउ नेपालमै उत्पादन गर्न सकिने व्यवसायीहरु बताउँछन्। अहिले तीन महिनालाई पुग्ने स्याउ उत्पादन भइरहेको छ।





**लुम्बिनी संवाददाता**

*बुटवल*

कर्णाली प्रदेशका जुम्ला, डोल्पा, कालिकोट, मुगु, हुम्लालगायतका जिल्लामा उत्पादन भएको स्याउमध्ये करिब ५ लाख केजी (५ सय टन) स्याउ बुटवलमा बिक्री भएको छ।

कर्णालीमा उत्पादन गरिएको अर्गानिक स्याउ ठूलो मात्रामा बुटवलमा आएपछि भारत र चीनबाट आयात गरिने स्याउको बिक्री ह्वात्तै घटेको छ।

५ लाख केजी स्याउ बिक्री हुँदा कम्तीमा पाँच करोड रुपैयाँको कारोबार भएको १४ वर्षदेखि जुम्लाको स्याउ बिक्री गर्दै आएका बुटवलको आशिक फ्रुट सेन्टरका सञ्चालक कलाधर पन्थीले बताए।

कर्णालीमा उत्पादन भएको स्याउ सुर्खेतका व्यापारीमार्फत् बुटवल आउने गर्छ। बुटवलमा आधा दर्जन व्यवसायीले कर्णालीको स्याउ बेच्ने गरेको पन्थीले जनाए। 'गत वर्षभन्दा दोब्बर बढी स्याउ बिक्री भयो,' पन्थीले भने-'आफ्नै देशको उत्पादन, मूल्य पनि सस्तो, गुणस्तर र स्वाद पनि राम्रो भएकाले उपभोक्ताले स्वदेशी स्याउलाई माया गरेका छन्।'

यो सिजनमा मात्रै पन्थीले ५५ लाखको कर्णालीको स्याउ बेचेको बताए। स्वदेशी स्याउको उत्पादन र खपत बढ्दै जाँदा भारत र चीनबाट आयात हुने स्याउको बिक्री ह्वात्तै घटेको पन्थी बताउँछन्।

'नेपाली उपभोक्तामा पाएसम्म आफ्नै देशको स्याउ खानुपर्छ भन्ने राष्ट्रियताको भावनाको विकास भएको छ, यो ज्यादै राम्रो हो,' पन्थीले भने-'स्वदेशी स्याउ सहजै उपलब्ध भएपछि भारतीय र चिनियाँ स्याउको माग र खपत दुबै घटेको छ।'

कर्णालीको स्याउको पहिलो ठूलो बजार सुर्खेत र दोस्रो बुटवल भएको उनले बताए।

बजारको समस्या नभएको, तर बजार व्यवस्थापनमा सरकारको चासो र ध्यान नगएको शाहीले गुनासो गरे। सरकारले स्याउ खेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहनमूलक नीति र कार्यक्रम लागू गरी सिंगो कर्णाली प्रदेश, सुदुर पश्चिम र गण्डकीको मुस्ताङसहितका जिल्लालाई स्याउ हब बनाउने हो भने अहिलेको दोब्बर उत्पादन गरी सिंगो देशलाई ६ महिनासम्म पुग्ने स्याउ नेपालमै उत्पादन गर्न सकिने शाही बताउँछन्।

'अहिलेको उत्पादनले नेपाली बजारलाई तीन महिनालाई मात्र धानेको छ, सरकारले प्रोत्साहन गर्ने हो भने दोब्बर क्षेत्रफलमा स्याउ खेती गरी उत्पादन दोब्बर लिन सकिन्छ,' शाहीले भने-'उत्पादन बढाइ चिस्यान केन्द्रमा राख्ने हो भने नेपालको स्याउ बजारको ६ महिनालाई नेपाली उत्पादनले बजार धान्ने सम्भावना र अवसर छ।'

अहिलेसम्म किसान र केही व्यवसायीले आफ्नो हिसाबले स्याउ खेती गरिरहेका, तर सरकारको ठोस भूमिका नभएको शाहीले औंल्याए।

भारतीय स्याउ प्रतिकिलो २५० रुपैयाँ र चीनको स्याउ प्रतिकिलो १६० रुपैयाँभन्दा बढिमा बिक्री भइरहेको बेला कर्णालीको अर्गानिक स्याउ सुर्खेत र नेपालगञ्जमा भने प्रतिकिलो १२० रुपियाँसम्ममा पाइन थालेपछि अरू स्याउको बिक्री बन्द भएको व्यवसायी शाहीले बताए।

कर्णालीको स्याउ बजारमा आएपछि अरू सबै स्याउ हराएको उनले जानकारी दिए। नेपालगञ्जमा मात्र नभई भारतको रुपैडिहा, नानपारा र बहराइचसम्म पनि कर्णालीका स्याउ बिक्री भइरहेको छ।

स्याउ सुपरजोन भनेर चिनिएको जुम्लाका आठ वटै स्थानीय तहले राम्रो स्याउ फलाएका छन्।

कृषि विकास कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख गणेशबहादुर अधिकारीका अनुसार चार हजार एक सय २० हेक्टर क्षेत्रफलमा स्याउखेती हुँदा २९ हेक्टर क्षेत्रफलमा १८ हजार मेट्रिक टन स्याउ स्याउ फलेको अनुमान गरिएको छ। त्यसमा ५० प्रतिशत परिमाण घटाउँदा नौ हजार मेट्रिकटन स्याउ प्रतिकेजी कम्तीमा ५५ रुपैयाँका दरले बाहिर निर्यात हुँदा जुम्लालाई करिब रु ५० करोड आम्दानी भएको छ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ कार्तिक ०३,गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

'सबैले संसार फेर्ने चाहना राख्छन् तर आफैँलाई बदल्नेबारे कोही पनि सोच्दैन।'

– लियो टाल्सटाय
रूसी उपन्यासकार

# देवकोटाको चर्चित तासकन्द मन्तव्य

**लक्ष्मीप्रसाद देवकोटा**

*(सन् १९५८ अक्टोबर ७ मा तत्कालिन सोभियत संघको उज्वेकिस्तानको तासकन्द शहरमा आयोजित 'अफ्रो एशियाली लेखक सम्मेलन' मा नेपालका तर्फबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रस्तुत गर्नुभएको थियो।)*

गगनचुंवी हिमालयमालाको एकान्त, शान्त छायामा अवस्थित नेपाल अदभुतको रोमांच जस्तै लाग्दछ। सगरमाथा देखिन् तराई मैदान सम्मन् अनेक उचाइका तरीमा आवहवा, उब्जनी तथा जातिहरूको विभिन्नताले गर्दा यो आफैँमा परिपूर्ण एक सानो संसार छ, जसको क्षेत्रफल करीव ५७ हजार वर्ग मील र जनसंख्या १ करोड छ। आर्य र मंगोल, तिनका सभ्यता र संस्कृति, एकै घरका जहान र एकै हृदयका भावना जस्ता। यहाँ बनेका छन्। उत्तरमा चीन र दक्षिणमा भारत, यी दई विशाल राष्ट्र यहीं आई। अङ्कमाल गर्दछन्। यसो भन्नु अत्युक्ति होवैन कि विश्वमा पहिलो घाम सगरमाथामा झल्कियो। अहिंसा र शान्तिका अबतार गौतम बुद्धले नेपालकै लुम्बिनी वनमा उज्यालो देखे। यहीं नै जनकपुरमा राजर्षी जनकका अध्यक्षतामा विभिन्न औपनिषद् दर्शनहरूको निचोड निकालिन्थ्यो। तन्त्रविद्या र कलाकौशलमा आय नेपालका प्रभावहरू उत्तर चीन, तिब्बत तथा दक्षिण भारत र वर्मामा क्रियाशील भै शायद एसिया र अफ्रिकाका अरू भागमा समेत विस्तृत भएका छन्।

नेपालको राष्ट्रभाषा नेपाली हो, जो प्राकृत र संस्कृतकी छोरी तथा हिन्दी, बंगाली, गुजरातीकी भगिनी भाषा हुन्। यिनको लिपि देवनागरी छ। वन्यर्थक शब्दले विशेष आदय यो भाषा संस्कृत प्रधान तथा लचकीलो छ। यसको लिखित साहित्य करीब एक हजार वर्ष अघिसम्मको प्राप्त छ। त्यसमा संतहरूका साहित्य र शिलालेखहरू सम्मिलित छन्। यो भाषा राष्ट्रभाषा भए पनि पहिले बुद्धिजीवी वर्गले साहित्यसिर्जना संस्कृतमा गर्दथे, र संस्कृतको लामो परम्परा नेपाली भाषा परम्परातर्फ त्यसैगरी मिलेर आउँछ जस्तो गरी नीलो दूरता नजीकको हरियालीमा परिवर्तित हुन्छ। अद्यावधि संस्कृतमा साहित्य सिर्जना केही पण्डितहरुबाट चलिरहेकै छ, जसमा उल्लेखनीय नामहरु छन्– १) श्री कुलचन्द्र गौतम, २) श्री सोमनाथ सिग्देल, ३) श्री पूर्णप्रसाद बाह्मण र ४) श्री माधवप्रसाद देवकोटा।

हाम्रो वास्तविक नेपाली साहित्यको प्रारम्भ संत साहित्यबाट हुन्छ। यो काल करिब १००० वर्ष अघिको छ। त्यसपछि अनुवादकाल सुरु हुन्छ। जसमा संस्कृत परिपाटीमा साहित्य सिर्जना हुन्छ। यसमा ज्यादाजसो धार्मिक भावना र भक्ति भावनाको प्राद्यान्य छ। यस युगको बिचमा एक कवि निस्के, जसको नाम भानुभक्त आचार्य थियो। उनले 'अध्यात्म रामायण' को अनुवाद गरे, जो मध्ययुगी ल्याटिन जस्तो संस्कृतको प्रति विद्रोहको प्रतिनिधित्व गर्दछ र जनभाषामा जनताप्रति बोल्न खोज्दछ। साथै यसले आधुनिक नेपालीको रूपनिर्णय गर्दछ र व्यापक लोकप्रियता हासिल गर्दछ।

अरू भाषाको बाल्यमाझै नेपालीमा पहिलो कविताको प्राचुर्य पाइन्छ। गय अभावले नै टड्कारो देखिन्छ। यस युगको पछारमा मुख्य लेखक श्री मोतीराम भट्टले कवि श्री भानुभक्तको जीवनी लेखे र मौलिक कविताहरू पनि। यसवेला उदं र फारसीका प्रभाव नेपाली साहित्यमा अधिक पाइन्छन्। गद्य पक्षमा विरसिक्का, कृष्णचरित्र आदि र रोमाञ्चकारी वा भक्तिरसप्रधान वा औपदेशिक र अधिकतर शङ्गारिक साहित्य सिर्जना यसकालको प्रधान लक्षण हो।

आधुनिक युगका प्रवर्तक कविवर श्री लेखनाथ अझ जीवित र सक्रिय हुनहुन्छ। उहाँको स्थान विशिष्ट छ, किन कि नेपालीलाई परिमार्जन गर्ने र संस्कृतको परिपाटी ल्याई ललित शैली सिर्जना गर्ने काम उहाँले गर्नुभयो। उहाँमा हामी संस्कृत परम्परा र स्वदेशी वातावरणमा सञ्चालित प्रवृत्तिहरू पाउँदछौं। उहाँमा संस्कृतको वार्णिक छद र शान्तिको ध्वनि पाइन्छ।

यही युगका प्रारम्भमा प.श्री हेमराज र पं. श्री सोमनाथ सिग्देलले नेपाली व्याकरण रचना गर्नुभयो जसले नेपाली भाषाको रूप स्थिर गयो। अहिलेसम्म नेपाली भाषा सोही व्याकरणका निम्नानुसार लेखिन्छ।

पाश्चात्य साहित्य र सभ्यताको प्रभाव प्रादुर्भाव भयो र मुख्यतया यस पछिका तीन लेखकहरूमा यसको छापा परेको देखिन्छ। शेक्सपीयरको पद्यनाटकमा तथा जर्जु बानाड शा र इबसेनको गद्यनाटकमा प्रगाढ छापा परेका लेखक र कलाकार श्री बालकृष्ण समले नेपाली नाटकीय शैलीमा परम्परागत संस्कृतप्रधान शैलीको प्रति विद्रोह देखाउँछन् र ठेट शब्दमा गहिरा नाटकीय तर्क र भाव वक शैलीमा अभिव्यजित गर्दछन्। कवि श्री लक्ष्मीप्रसाद देवकोटाको लोकगीतिको छंदलाई साहित्यिक माध्यम बनाएर एक नया रुमानी शैली सिर्जना गर्ने श्रेय छ। त्यस्तै काव्यका विभिन्न स्कंधमा उनका सिर्जनाहरू प्रचुर छन्। कवि श्री सिद्धिचरणजीमा, देवकोटामा जस्तै, प्रकृतिको सौन्दर्यप्रति रुमानी भावको आनंदविभोर पाना गीतिकविताद्वारा प्रकट हुन्छ।

यसैबिचमा कवि श्री भवानी भिक्षुले एक नयाँ धारा छायावाद र रहस्यवादको रूपमा निकाल्दछन्। नाटक पक्षमा सरल सामाजिक चित्रणहरू नाटककार श्री भीमनीधि तिवारीबाट मिल्दछन्। तर आधुनिक युगको आह्वानप्रति यी लेखकहरू सचेष्ट बन्दै जान्छन् र आफ्ना जीवनका पछिल्ला भागमा बौद्धिक या विद्रोही र कान्तिकारी ध्वनिहरू निकाल्न थाल्दछन्। सामंतवादको विरोध र १०४ वर्ष चिरायु राणाशाहीको प्रति विद्रोहको आवश्यकता अनुभूत भएका युगमा यिनको कविता पनि संघर्षको ध्वनि उद्दीप्त हुन जान्छ। अब कवितामा वार्णिक छंद या सबै छंद प्रति विद्रोहको भावना, प्रयोगात्मकता, गद्यात्मकता, बौद्धिकता र प्रश्नात्मकताका गुणहरू प्रादुर्भाव हुन्छन्। अर्थस्थितिको विषमता, सामती अत्याचार, पुँजीवादी शोषण, जनकंदन र संघर्षका ध्वनिहरू कवितामा हामी शुन्न थाल्दछौं। अबको लमक यथार्थवाद पट्टी हुन जान्छ र कविता ज्यादाजसो गद्यात्मक रूप धारण गर्न खोज्दछ।

तर यसबिचमा कवि श्री माधवप्रसाद घिमिरेले पुरानो संस्कृत वार्णिक छंदके प्रयोग गरी ठेट नेपाली सरल भाषामा गहिरा भावहरू व्यक्त गर्दै स्वदेशी पहाडी रस निकाल्दछन् र प्राकृतिक मोहनीको गीत गाउँदछन्। साथै लोकगीतिका मधुर प्रयोग गरी प्रगाढ भावहरू निकाल्दछन्। यो रुमानी लहर नवजागृत रुमानि प्रतिकूल लहरीहरूका साथसाथै प्रभावकारी भई चल्दछ।

आर्को पट्टी केदारमान व्यथितजी अनेक प्रयोग गर्दै बौद्धिकतामा भावकताको शृंगार भर्दै क्रान्तिकारी, दार्शनिक र राजनैतिक धारामा अगाडि बढेका देखिन्छन्।

यसरी प्रजातन्त्रप्राप्तिका वाद १९५० पछि राणाशाहको लौहदंडले अवरुद्ध जनभावनाको साहित्यिक बाढी उलेर फुट्तछ, तर यो पानी प्रचुर भए पनि राजनीति तथा प्रचारवादले धेरै ठाउँमा धमिलिन गएको पाइन्छ। नवयुगमा हामी धाराका बाहुल्य पाउँदछौं, तर सब कुरा विचार गर्दा आजको ढलक पलायनवादबाट यथार्थवादतर्फ, छंदको नियन्त्रणबाट मुक्ततातर्फ, परम्परावादबाट प्रयोगवादतर्फ र प्रश्नतर्फ बढेको पाइन्छ।

रुमानी प्रवृत्तिको स्पष्ट विरोध झल्किन्छ। दीनहीन प्रति चौडा जनतात्रिक भावना उद्दीप्त भएको पाइन्छ र नयाँ रूप, उक्ति, उपमा तथा चित्रलहरीको छामछुम प्रशस्त बढेको देखिन्छ।

यी नया धाराहरूका बिचमा विशेष कवि श्री विजयबहादुर मल्ल, श्री जनार्दनसम, श्री मोहन कोइराला, श्री टेकबहादुर नवीन, श्री जगदीश संशेर, श्री श्यामदास वैष्णव र श्री कुलमणि देवकोटा इत्यादिका नाम उल्लेखनीय छन्। यसबिचमा हामी लोकगीतिको क्षेत्रमा सिर्जना र सङ्कलनको बाढी बढेको पाउँदछौं। कवि श्री माधवप्रसाद घिमिरेको यसमा विशेष प्रदान छ। यस क्षेत्रमा कवि श्री धर्मराज थापाको नाम पनि विशेष उल्लेखनीय छ। उनीपछि हाम्रा तरुण कवि श्री लक्ष्मण लोहनीको नाम लिन सक्तछौं। त्यस उपर अनेकानेक नव कविहरूको प्रयास चलिरहेको पाइन्छ। लोकगीतिको एक अपेरा या गीतिनाट्य कवि देवकोटाले प्रदर्शन गरेका थिए र यसपछि लोक गीति नाट्यहरू धमाधम लेखिदै छन्।

समालोचना क्षेत्रमा श्री ईश्वर बराल, श्री रामकृष्ण शर्मा, श्री हृदयचन्द्र सिंह, श्री कृष्णचन्द्र सिंह, श्री रत्नध्वज जोशी, श्री गोविन्दप्रसाद लोहनी र श्री हदयराज शर्माको नाम उल्लेखनीय छन्।

साहित्यिक पत्रपत्रिकाहरूले पनि साहित्यको अभिवृद्धिका लागि राम्रो योगदान दिएको देखिन्छ। पहिले बनारसमा 'सुन्दरी', 'माधवी' र पछि काठमाडौंमा 'शारदा' त्यसका बाद 'साहित्यस्रोत', 'प्रगति', 'इन्द्रेनी' र 'धर्ती' ले आफ्ना आफ्ना ढंगले साहित्यिक विकासलाई अगाडि बढाउने काम गरे। त्यस्तै दार्जिलिङबाट निस्केको 'भारती'ले निकै लामो साहित्यिक सेवा गरिरहेको थियो। तर एकतर्फ सरकारी प्रोत्साहन र आर्थिक सहायताको कमी, आर्कोतर्फ प्रेस र पब्लिसरहरूको अभाव र जन दरिद्रताले गर्दा, यिनको फुलाई फस्टाइ राम्रो हुन सकेको छैन। बराबर फुल्ने र बैलाउने काम गरिरहेका छन्।

नेपालमा आजसम्म साहित्यिक रचनाको आधारमा लेखकले आफ्नो दालरोटीको समस्या हल गर्न सकेको छैन। तै पनि शिक्षाको स्वाभाविक विस्तारले, विश्वविद्यालयको उद्घाटन हुने भएकोले, तथा प्रजातन्त्रका अनिवार्य मागले, अब क्षितिजमा लेखकका लागि विभूतिरंगको उज्यालो फैलिरहेको पाइन्छ। राणा कालमा लेखकले आफ्नो जीवनको सुनौलो शक्ति दिएर दिगो सिवाय अरू चीजको अपेक्षा गर्न सक्तैनथ्यो। तर अब लेखक त्यतिको नियंत्रित र पीडित छैन, तापनि अझ उसले जनदृष्टि र सामाजिक। स्थितिमा आफ्नो आसन र सञ्चालन पाउन संघर्षशील नै बन्नु परिरहेकै छ। लेखकको स्वतंत्रता सामाजिक आर्थिक स्थितिमा निर्भर रहेकाले, सामाजिक तथा आर्थिक स्थितिको दृष्टिकोणको परिवर्तनमा नै यसको पूर्ण विकासको आशा राखिन्छ।

अब नेपाली साहित्य युगमा केही नयाँ भाव तथा अभाव पनि अनुभूत भैरहेका पाइन्छन्। यसमा जनचेतना, विभिन्नता, नवीनता, र यथार्थवादिताका गुण उत्पन्न हुनाका साथै, अन्तर्राष्ट्रिय क्षेत्रसँगको सम्पर्कको कमी, परिचयाक अनुवादको अभाव, र अरू राष्ट्रमा प्रचलित या आविष्कृत नवीन रूप र गतिको स्पर्श कम पाइन्छ। त्रिभुवन विश्वविद्यालय, नेपाल एकेडेमी जस्ता उपयोगी संस्थाहरूले यस अभावको केही मात्राको पूर्ति गर्न सहायता देलान्, तर यस देशको नवजागत एसियाली अफ्रिकाली चेतनालाई साहित्यिक सम्पर्क र आदानप्रदानद्वारा ने सच्चा योत र दिशा मिल्नेछ र आजको या महत्त्वपूर्ण सम्मेलन यसतर्फको राम्रो कदम होला।

# के शैली त्याज्य विषय हो ?



**रामचन्द्र श्रेष्ठ**

सोभियत संघका प्रख्यात कवि एसेनिनले आत्महत्या गरे। आत्महत्या गर्नु अघि 'डेथ नोट' जस्तै दुई लाईन कवितांश लेखेर छोडे। त्यो कवितांश अति निराशावादी थियो तर शैलीले उच्चकोटीको थियो। युवाहरूमा त्यसको कस्तो प्रभाव पऱ्यो भने धेरैले रुमाल र डायरीमा त्यो कवितांश लेखेर हिंड्न थाले। यसले समाजमा जीवनप्रति निराशावादी धारणा सिर्जना गर्न मद्दत गऱ्यो। एसेनिनको उक्त निराशावादी कवितांशको आलोचना सुरु भयो। धेरै लेख, टिप्पणी वा भाषणबाट नै खण्डनहरू भए। तर युवाहरूमा रहेको शैलीको प्रभाव मत्थर भएन। एसेनिनको आत्महत्याको लगभग ६ महिनापछि अर्का चर्चित कवि मायोकब्स्कीले आलोचना गरे। त्यो पनि कविताबाटै। त्यो पनि उत्तिकै उच्चकोटी शैलीको दुई लाइनमात्र। मायोकब्स्कीले दुई लाइनमा जीवनप्रति आशावादी दृष्टिकोणको चित्रण गरे। त्यसपछि युवाहरूमा रहेको एसेनिनको प्रभाव हट्दै गयो र मायोकब्स्कीको दुई लाइनले रुमाल र डायरी सजिन थाल्यो।

आफ्नो यो सफलतापछि मायोकब्स्कीले कविता कसरी लेख्नेबारे लामो लेख लेखे। जसमा उनले एसेनिनको कविता विचारको दृष्टिले शून्य भए पनि शैलीको उच्चता रहेकोले त्यसको जवाफ पनि उच्च कोटीको शैलीले मात्रै दिनसकेको उल्लेख गरे। उनले आफ्नो लेखमा कविताको सौन्दर्यको निर्माणको लागि अभ्यासको आवश्यकता पर्ने बताए। कविता लेख्नु शब्दको इञ्जिनियरिङ्ग गर्नु हो भन्ने मान्यता त्यतिबेलै मायोकब्स्कीले राखेका थिए। आजकाल विश्वविद्यालयमा सिर्जनशील लेखनको पढाई हुन्छ। सिर्जनशील लेखनको मान्यता हो- कुनै पनि मान्छेले लेख्न सक्छ तर त्यसका लागि अभ्यास आवश्यक हुन्छ। प्रतिभा जन्मजात हुन्छ र कोही जन्मजात नै कवि हुन्छ भन्ने गलत हो।

त्यसोभए प्रश्न उठ्छ के जनताको साहित्यको शैली उत्कृष्ट हुनुपर्दैन ? के जनताको साहित्यमा शैली त्याज्य विषय हो ? वा शैली पुँजीवादी बजारको बिकाऊ वस्तु मात्र हो ?

पछिल्लो क्रममा साहित्यमा कलम चलाउने हातहरूको उल्लेख्य वृद्धि भएको छ। त्यो स्वागतयोग्य विषय हो। त्यसमध्ये जनताको पक्षमा जनताको साहित्य लेख्ने सङ्ख्या बढ्दो छ र अझैं धेरै बढाउनुपर्ने आवश्यकता पनि छँदैछ। तर जनताको साहित्यमा विचारको प्रबल प्रभाव हुँदाहुँदै पनि प्रस्तुतिका शैलीहरू त्यति मन छुने छैनन्। यो आलोचनाको पाटो हो। साहित्य र राजनीति गाँसिएका छन् तर ती घुलेका छैनन्। मार्क्सवादले कतै पनि विशिष्टताको विरोध गरेको छैन। यसअर्थमा साहित्य आफैँमा समाजको एक विशिष्ट तत्व हो। विचारधारा जस्तै यो आफैँमा एक विशिष्ट स्वरुप हो। मार्क्सवादले विछिन्नताको मात्रै विरोध गरेको छ। साहित्य राजनीतिक विचारधारा र दर्शनभन्दा अविछिन्न छैन, तर यो राजनीतिक विचारधारा जस्तै उस्तै पनि छैन।

जनताको साहित्यकारहरूले यो मनन गर्नैपर्छ कि राजनीतिक विचारधारा जस्तै गरी साहित्यलाई पनि सिधैं अभिव्यक्ति गर्नु रुखोपना हुनजान्छ। त्यसले कलाको मर्मलाई मार्छ। मार्क्स-एंगेल्सले साहित्यिक विधाहरूमा लेखकको प्रत्यक्ष उपस्थितिको आलोचना गरेकाछन्। उदाहरणको लागि एंगेल्सले जर्मन लेखक फर्डिनेन्ड लासेलका नाटकमा लासेलले आफ्ना पात्रहरूलाई खास विचारको प्रवक्ता बनाएकोमा आलोचना गरेकाछन्। साहित्यमा विचारको प्रस्तुति लेखकको प्रत्यक्ष उपस्थितिले होइन घटना र दृश्यहरूको चित्रणले गरिनुपर्छ।

के त्यसोभए शैलीका यी पक्षहरू कवितामा आवश्यक छैनन् ? अहिले कवितामा कलम चलाउने कविहरूमा वैचारिक प्रष्टता र वर्गीय भावना पाउँदा-पाउँदै पनि धेरै हदसम्म ती कविताहरूमा काव्यचेतको चरम अभाव देखिनु दुःखद छ। हो, सिकारु हातहरू हुँदासम्म कमजोरीहरू क्षम्य हुनसक्छन् तर जब सिकारु हातहरूले सिपालुको छनक दिन खोज्छ त्यहाँ आलोचना जरुरी हुन्छ।

कलाको स्रोत विचार नै हो। विचारको जग वर्गीय पक्षधरता हो। कामदार वर्गमा अन्तरनिहित सर्वहारा मानवतावाद, वर्गीय प्रेम, जीवनप्रतिको संघर्ष र आशाको दृष्टिकोणलाई गहिरो गरी अनुभव गर्ने साहित्यकारले नै साहित्यमा सौन्दर्यको जीवन्त चित्रण गर्नसक्छ। 'आमा' उपन्यासको कलाको स्रोत म्याक्सिम गोर्कीले कामदार वर्गको हृदयमा भेट्टाएको वर्गीय भावना हो। पुँजीपति वर्गहरू आपसमा काटाकाट गर्छन्, तर 'आमा'मा गोर्कीले पैसाभन्दा परको मानवीय संवेदनाको सजीव चित्रण गरेका छन्। त्यो मानवीय संवेदना पसिना बगाएर बाँच्ने कामदार वर्गमा जीवित भएको चित्रण गरेका छन्। यसरी नै कलाको स्रोत वर्गीय पक्षधरता नै रहेको पुष्टि हुन्छ। विम्ब, प्रतीकहरू आफैँमा पनि जनताको जीवनसँग गाँसिएका हुन्छन्।

प्रख्यात प्रगतीवादी नाटककार ब्रटोल्त ब्रेख्तले 'सेज्वानको असल महिला' (The good woman of Setzuan) नाटकमा देवताहरूलाई पात्र बनाएका छन्। सतही दृष्टिकोणबाट देवतालाई पात्र गराउनु प्रगतिवादको विपक्षमा होला तर ब्रेख्तले देवताहरूलाई परम्परागत धर्म र नीतिका प्रतीकका रुपमा उभ्याएका छन्। उनीहरू समाजलाई नैतिक रुपले सुधार्न चाहन्छन्। तर समाजको अर्थनीतिमा सुधार नआउँदासम्म नैतिकता कति फितलो र हाँस्यापद हुन्छ भन्ने नाटकमा चित्रण गरिएको छ। ब्रेख्तले बडो सुन्दर ढंगले देवताहरूलाई निरर्थक र शक्तिविहिन बनाइदिएका छन्। यो नाटकमा ल्याइएका देवता पात्र जनताको जीवनचर्याबाट टिपियो तर तिनका भुमिका र प्रस्तुतिलाई मार्क्सवादी आँखाबाट फेरियो। यसरी विम्ब र प्रतीकहरूको स्रोत जनता नै हुन् भन्ने प्रष्ट हुन्छ।

काव्यिक चेतना र कलाले मानवीय गुणहरूको वृद्धि गर्छ। जनताको साहित्यबारे माओत्सेतुङ्गले येनान साहित्य गोष्ठीमा उठाएको दुईवटा विषयलाई हामीले ध्यान दिनैपर्छ। माओको विचार छ- जनताको साहित्यले आम जनतामाझ लोकप्रियता हासिल गर्नुपर्छ र जनताको स्तर उठाउनुपर्छ। 'लोकप्रियता हासिल गर्ने' र 'स्तर उठाउने' आपसमा अविच्छिन्न छन् र विशिष्ट पनि। लोकप्रियता हासिल गर्ने सरल तरीका जनताको भाषा र विम्बको प्रयोग गर्नु हो। चलनचल्तीको कलाको प्रयोग गर्नु पनि हो। तर यसको चुनौती के हुन्छ भने यसले जनताको स्तर उठाउने होइन घटाउन पनि सक्छ। युवाहरूले गल्लि-गल्लिमा प्रयोग गर्ने भाषा र विम्बलाई प्रयोग गर्दा त्यो साहित्य लोकप्रिय त हुनसक्ला तर त्यसले स्तर उठाउन पक्कै सक्दैन। जनताको स्तर उठाउन र आम कामदार वर्गमा साहित्यिक चेत र भोकको विकास गराउन उच्चस्तरको कलाको जरुरत छ। कविताहरूमा उच्चस्तरको काव्यिक चेतको जरुरी छ। सस्तो भावुकता वा शब्दको लालित्य नै कलाको मापन होइन। न त सपाट चित्रण र सपाट वर्णन नै कला हो। गतिशील यथार्थको जीवन्त चित्रण, अन्तरनिहित सत्यको प्रस्फुटन र सुन्दर, न्यायपूर्ण समाजको कल्पना हाम्रा कविताहरूमा झल्कनै पर्छ। कला खिया लागेको फलाममा पोतिएको रङ्ग होइन। त्यो त आफैँभित्र चमक हुने हिरा हो।

हाम्रा आजकालका प्रायः कविताहरूमा आलोचनात्मक यथार्थमात्र भेटिन्छ। मात्र आलोचनाले परिणाममा निराशा मात्र निम्त्याउँछ। निराशाको अन्त्य र भविष्यप्रतिको आशाको स्रोत भनेको सुन्दर भविश्यको चित्रण हो। हाम्रा साहित्यमा खरानीभित्र लुकिरहेको आगो जस्तो संघर्षको सजीव चित्रण हुनु जरुरी छ। आम जनताबिच लोकप्रियता पाउन र जनताको स्तर उठाउन हाम्रा कलमहरू माझिन जरुरी छ। उच्चस्तरको कला र काव्यिक चेत अथक साधनाको उपज हो। आत्मश्लाघा प्रगतिको अवरोधक हो। आत्मप्रंशसामा रमाउनु र हुटिट्याउँले आकाश थाम्छु भन्नु एउटै हो।

**कथा**

# ग्रीष्म निवास

**एन्टोन चेकोभ**

'म तपाईंलाई माया गर्छु। तपाईं मेरो जिन्दगी, खुशी-सब हुनुहुन्छ ! थप चूप लागेर बस्न सक्दिनँ म। आज आउनुहोस् बेलुकी आठ बजे पार्कमा। मेरो के नाम हो लेख्दिनँ, परन्तु म तरुनी छु, स्वयम्मा राम्री छु, अरु के चाहियो र तपाईंलाई !'

दाछ्या- मालिक पाभिल तनभिछ, एक जना पारिवारिक व्यक्तिले किताब पढ्दै आश्चर्य चकित भए।

म विवाहित व्यक्ति हुँ, अचानक यस्तो उदेकलाग्दो, यस्तो बेवकूफ चिट्ठी ! कसले लेख्यो होला यो ?

उनले पुनःचिट्ठी पढे। आफ्नो वैवाहिक जीवनको पूरा-पूरा आठ वर्ष पाभिल तनभिछले मिहीन अनुभूति बिर्सिसकेका थिए, अनि कुनै एउटा चिट्ठी पनि पाएका थिएनन्। एक घण्टापछि उनी सोफामा पल्टेर सोचमग्न भए :– म कुनै भर्खरको केटा त होइन कि, अनि जान्नँ यो बेवकुफी डेटिङ्गमा तर थाहा पाउनु चाहिँ रोचक होला कसले यो लेखेको थियो भनेर। हो जरुर, एक जना महिला हो यो लेख्ने। तर को हुनसक्छ यो ?

यो प्रश्नको समाधान गर्नु खास गरेर कठिन थियो किनभने दाछ्यामा एकजना पनि महिला थिइनन् जसलाई चिनेका हुन् उनले, आफ्नी श्रीमतीबाहेक।

अचम्म, सोचे उसले, 'म तपाईंलाई माया गर्छु।' कसरी उसले माया गर्न सकेकी होला यदि उसले चिनेकीसमेत छैन भने म कस्तो मान्छे छु भनेर ? सम्भवतः ऊ निकै जवान छे यदि त्यति छिट्टै प्रेम गर्न सक्छे भने। तर को होला ऊ ?

एक्कासि पाभिल तनभिछले सम्झे हिजोको कुरा हो, जब उनी बगैंचामा टहलिँदै थिए, उनले एकाधपटक एकजना गोरी तरुनीलाई देख्या हो, जो स्वयम् निलो पोशाकमा खुलेकी थिई। गोरी उनलाई हेर्थी बेलाबेलामा, अनि जब उनी एउटा बेञ्चमा गएर बसे, ऊ पनि टाँस्सिएर बसी उनैको नजिक गएर। ऊ ? सोचे पाभिल तनभिछले। दिउँसोको खाना खाँदाखेरि पाभिल तनभिछले श्रीमतीलाई हेरे अनि यस्तो सोचे– उसले लेखेकी छ, स्वयम्मा आफू तरुनी छु भनेर। मतलब कुनै बुढिया होइन नि। परन्तु म पनि त त्यति बूढो र नराम्रो छैन नि मसँग प्रेममा फस्न नहुनको लागि !

'के सोच्दै छौ तिमी ?' सोधी उसकी श्रीमतीले।

'यसै, टाउको दुखिराछ' जवाफ दिए पाभिल तनभिछले यसरी। दिउँसोको खाना खाएपछि उनले सोचे–

ऊ पर्खिरहेकी छे म आउँछु भनेर। जाने होला कि यसै उत्सुकताले गर्दा पनि ? उनी जुरुक्क उठे र लुगा लगाउन थाले।

'अनि तिमी कहाँ जाने तर्खर गर्दैछौं ?' श्रीमतीले सोधी उनले सफा कमिज र नयाँ टाई लिएको देखेर।

'यसो टहलिन चाहन्छु, टाउको दुखिराछ।'

आठ बजे उनी घरबाट निस्के र पार्कतिर गए। उद्यान-पथको अन्त्यमा एउटा पुरानो कुञ्ज थियो। एक्कासी उनको मुटु ढुकढुक गऱ्यो। उनी कुञ्चभित्र पसे, अनि देखे एउटा मान्छेलाई। तर त्यो लोग्नेमान्छे थियो, सालो, विद्यार्थी मिच्या, जो उनीहरूकै दाछ्यामा बस्थ्यो। दुई मिनेट चुपचाप बसे उनीहरू।

माफ गर्नुहोला मलाई, पाभिल तनभिछ- सुरु गऱ्यो मिच्याले, तर म यहाँलाई बिन्ती गर्छु मलाई एक्लै छोडिदिनुहोस् भनेर। म आफ्नो विद्यावारिधि शोध प्रबन्धबारे सोचिरहेको छु, अनि तपाईं मलाई बिथोल्दै हुनुहुन्छ।

तँ जा कतै कुनै अँध्यारो उद्यान पथतिर भने पाभिल तनभिछले स्वच्छ हावामा सोच्नु उत्तम हुन्छ। अनि म चाहिँ यसो सुत्न चाहन्छु बेञ्चमा, यहाँ गर्मी पनि छैन त्यति।

विद्यावारिधि शोध प्रबन्ध बढी महत्वपूर्ण कुरा हो, मिच्याको जवाफ रह्यो।

उनीहरू चुप लागे। पाभिल तनभिछले पुनः बोल्न थाले– म बिन्ती गर्छु, जीवनमा एक पल्टः गइहाल् यहाँबाट ! मिच्या जाँदै थिएन।

मैले भने नि जान्नँ भनेर, मतलब म जाँदै जान्नँ।

यसै बेलामा कुञ्जको प्रवेश- द्वारमा उनीहरूले एउटी महिलाको अनुहार देखे तर त्यो तत्कालै बिलायो। कोही एक मिनेटपछि पाभिल तनभिछ उठे र मिच्यालाई भने– हामीबिचमा सबै सिद्धियो।

एकदम खुशी लाग्यो, मिच्याले भन्यो र उठ्यो ऊ पनि, थाहा पाइराख्नुस् तपाईंले मलाई अहिले यस्तो फोहरी काम गर्नुभएको छ, जो म नमरेसम्म माफ गर्दिनँ।

साँझको खाना खाँदा उनीहरू चुप थिए र प्लेटमा मात्र हेर्थे। उनीहरूले एक अर्कालाई घृणा गर्थे। उता पाभिल तनभिछकी पत्नी मुसुमुसु हाँस्थिन्।

'तिमीले कुन चिट्ठी पाएका थियौ, आज बिहान ?' सोधिन् उनले।

'पाएको थिइनँ कुनै पनि' जवाफ दिए पाभिल तनभिछले। 'मलाई थाहा छ, पाएका थियौ। यो चिट्ठी मैले तिमीलाई लेखेकी हुँ। कसम मैले। हामीलाई घरमा सफा गर्नुपर्ने थियो तर के गर्ने ? तिमीहरू घरबाट बाहिर निस्किनको लागि त्यसरी मात्र गर्न सकिन्थ्यो। मैले मिच्यालाई पनि लेख्या थिएँ त्यस्तै एउटा चिट्ठी। मिच्या, तँ कुञ्जमा गएको थिस् नि ?'

मिच्या मुसुक्क हाँस्यो अनि त्यो घृणासाथ हेरेन आफ्नो 'प्रतिद्वन्दी'लाई यसपछि।

*अनुवाद : प्रा.बलराम अर्याल*

# काँग्रेस र कम्युष्टिहरू: पञ्चायत कालमा दुर्गम जिल्लाको राजनीतिक पहिचान

**(नेपाली राजनीतिमा पार्टीहरुको बनोटले गम्भीर महत्व बोकेको छ। पार्टीहरुको नाम, झण्डा, चिन्ह र सिद्धान्त फरक देखिए पनि व्यवहार उस्तै-उस्तै देखिन्छ। मान्छेहरु सजिलै एउटा पार्टीबाट अर्को पार्टीमा लाग्ने र छोड्ने गर्छन्। यसको कारणलाई खोतल्न पार्टी निर्माणको इतिहाससम्म पुग्नुपर्छ। फ्रान्सेली मानवशास्त्री फिलिप रामिरेजले अर्घाखाँचीमा काँग्रेस र कम्युनिष्ट पार्टीहरुको गठन र फैलावटमा पुरातन सामाजिक–आर्थिक सम्बन्धको भूमिकालाई उजागर गरेका छन्। सोसल साइन्स बहा:ले २०६१ माघमा प्रकाशन गरेको 'बहा: जर्नल' अंक १बाट पाहुरका लागि यो लेख साभार गरिएको छ।)**

फिलिप रामिरेज

नेपालका दुर्गम भू-भागहरूको भ्रमण गर्दा यो गाउँ 'कम्युनिष्ट' र त्यो गाउँ 'कांग्रेस' भनेर औँल्याउने गरेको पाइन्छ। गाउँहरूलाई चिनाउन प्रयोगमा ल्याइने यस प्रकारका राजनैतिक परिचयहरू आफैँमा कत्तिको सार्थक र सापेक्ष छन् ? कुन हिसावमा गाउँहरूलाई एउटा खास राजनैतिक पार्टीसँग आवद्ध भएको निर्क्योल गरिन्छ? अर्घाखाँची जिल्लाको वि.सं. २०४७ सम्मको राजनैतिक इतिहासलाई केलाउँदै मूलतः यिनै प्रश्नहरूलाई प्रष्ट पार्ने जमर्को गर्न चाहन्छु। स्मरण रहोस् यस लेखमा प्रस्तुत गरिएका तथ्यहरू वि.सं. २०४३-२०४७ बीचमा गरिएको अनुसन्धानमा आधारित छन् । यो, पञ्चायत कालको पछिल्लो समय थियो जतिखेर राजनैतिक पार्टीका गतिविधिहरू खुला रूपमा सञ्चालन गर्न बन्देज थियो ।' यो कुरा प्रष्ट छ वि.सं. २०४६मा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना र त्यस पछि सुरू भएको माओवादी विद्रोहले जिल्लाका स्थानीय राजनैतिक वास्तविकता र स्वरुपहरू सशक्त रूपमै प्रभावित भएका हुन सक्छन् ।

अर्घाखाँची मध्यपश्चिम नेपालको कम उचाइमा अवस्थित एक पहाडी जिल्ला हो। यहाँको जनसंख्या घना छ। अन्य पर्वतीय र ग्रामीण क्षेत्रको तुलनामा यहाँ शिक्षित जनसमुदायहरू बसोबास गर्दछन् । यस भेकको मुख्य आयस्रोतका रूपमा कृषि व्यवसाय र विदेशबाट कमाई पठाइएको धन नै रहेको पाइन्छ। मेरो मुख्य अध्ययनको क्षेत्र अर्घा राज्यको पुरानो राजधानी अर्घाराजस्थल थियो जहाँ विशेष गरी बाहुन, क्षेत्री, कामी, सार्की, दमाई, गाइनेहरू एवं केही न्यून संख्यामा नेपाली भाषा बोल्ने मगरहरू र नेवारहरू बस्ने गर्दछन् ।

मलाई मेरो अनुसन्धानको सुरुका महिनाहरूमा एउटा पक्षले चकित पार्यो जुन त्यस गाउँका दुई समूहबिच गहिरो रूपमा जरो गाडिएको प्रतिस्पर्धी भावना थियो । हुनत गाउँलेहरू गाउँमा आउने जो कोही नौंलो मान्छेका अगाडि एकजुट नै भएको देखाउन खोज्छन्, तै पनि त्यहाँको यथार्थ वस्तुस्थिति मलाई चाँडै नै खुल्न गयो । गाउँलेहरू मध्येकै एक कुनै खास समूह अर्को समूहलाई 'ठग' र 'शोषकको हूल' भनेर व्याख्या गर्दथ्यो । त्यसमा पनि कम्युनिष्टहरूले कांग्रेसहरूलाई र कांग्रेसहरूले कम्युनिष्टहरूलाई यस्ता आक्षेप लगाउने गरेको पाइयो । मैले चाँडै न बुझें यस्ता किसिमका भनाइहरूले दुई शक्तिहरूबिच विद्यमान पद्धतिमूलक विरोध झल्काउने गर्दछन् । यसलाई मानवशास्त्रीहरू 'गुट' भन्ने गर्दछन् भने यहाँका स्थानीय बासिन्दाहरू 'पक्षीय' नामाकरण गर्दछन् । त्यसैले मैंले यी गुटहरूका बनोट, स्थानीय समाजको संरचनात्मक वस्तुस्थिति र उनीहरूमा विद्यमान फाटोका राजनैतिक नतिजाहरू बुझ्ने जमर्को गरेँ। यी गुटहरूबारे के बुझ्न जरुरी छ भने उनीहरू न त कुनै जातीय वर्गसंग मिल्दाजुल्दा छन् न त कुनै आर्थिक वर्गीकरण सँग नै । दुवै गुटहरूमा समानुपातिक हिसाबमा बाहुन, क्षेत्री, कामी र दमाईहरूको संलग्नता भएको पाइयो। यसै गरी जमिन्दारहरू, अधिया कमाउने मोहीहरू, मजदुरहरू वा उद्यमीहरूका संख्या पनि दुवै गुटहरूमा उत्तिकै पाइयो। विद्यालयस्तरमा भने एक वा अर्को समूह भनेर छुट्ट्याउन नसकिने भेटियो। दुवै गुटहरूले स्थानीय समाजको आधा जति जनसँख्या ओगटेका थिए। यस तथ्यमा सत्यता यस मानेमा पनि छ दुवै गुटहरू संख्यात्मक र राजनैतिक हिसावमा यस ठाउँका प्रभावशाली कुलका (दुवै भुसाल थरका) नेताहरूका वरिपरि संगठित भएको पाइयो । अर्घाका पूर्व राजाहरू र राजगुरुहरूका सन्तान मानिने यी दुवै कुलहरू पुस्तौदेखि विभाजित छन् ।

गुटको उत्पति वा निरन्तरता दुई किसिमको सैद्धान्तिक एकतामा आधारित रहेको पाइयो। एकातिर एकै कुलका दाजु-भाइहरूका बिच र अर्को संरक्षक र समर्थकका बिच । पर्वतीय समाजमा 'संरक्षक- समर्थक' का बिचको सम्बन्ध अति महत्त्वपूर्ण हुन्छ। यस प्रकारको सम्बन्ध 'आफ्नो मान्छेको' सम्बन्ध भन्दा तहगत प्रकृति र व्यापकताको हिसावले धेरै हदसम्म फरक छ। यस सवालमा 'समर्थक-संरक्षक'को सम्बन्ध एउटा जटिल सम्बन्धका साथै व्यापक सम्वन्ध पनि हो । यसले समाजका दुई असमान व्यक्तिहरूलाई समाजका सबै क्षेत्र समेट्ने तर आफैँमा भौतिक लेखाजोखा कडिकडाउका साथ पालना नगर्ने विविध लेनदेनका कारोवारहरूका माध्यमद्वारा जोड्ने गर्दछ । यस सम्बन्धको अर्को महत्त्वपूर्ण पक्ष के छ भने दुवै संरक्षक र समर्थक आ-आफ्ना सम्बन्धलाई अनिवार्य देख्दैनन्, तथापि निष्पक्ष पर्यवेक्षकहरूको भने यस सवालमा भिन्न सोच पनि हुन सक्छ। संरक्षक र समर्थकहरू एक आपसमा सेवा र आपसी सहयोगहरू साटासाट गर्ने गरेको बताउँछन्। संरक्षकहरू समर्थकहरूलाई भौतिक सरसामान उपलब्ध गराउनुका अतिरिक्त प्रशासनिक कामहरूमा सहयोग जुटाउँछन् । समर्थकहरू संरक्षकहरूलाई विशेषतः शारीरिक काममा सहयोग र राजनैतिक कुरामा समर्थन गर्दछन् । 'संरक्षक-समर्थक'को सम्बन्ध, तल्सिङ्ग-मोहीको सम्झौतापत्रवाट, वाली र जजमानी तथा तमसुक वा ऋणधनको लेनदेनबाट सुरूवात हुन सक्छ, तर यिनै उल्लेखित तरिकामा मात्र सीमित भने हुँदैन र यसले अरु थुप्रै किसिमका साटासाटलाई पनि अङ्गीकार गर्ने गरेको पाइन्छ। अर्घाराजस्थलका केही धनी घरवालाहरू भने संरक्षकको भूमिका निर्वाह गर्नेतिर लागेनन् र आफूहरूलाई केवल जमिन्दार र ऋण सहयोग दिने साहुमा सीमित राखे। यसबाहेक उनीहरू कुनै पनि सामाजिक वा सांगठनिक जिम्मेवारीमा दीर्घकालीन रूपमा बसेनन् ।

अर्घाखाँचीको राजनैतिक पद्धतिलाई जोड्ने कडीका रूपमा माथि उल्लिखित 'संरक्षक-समर्थक' को सम्बन्ध देखिन्छ । समर्थकहरू आफ्ना संरक्षकको कार्यथलो वा गढको निर्माण वा विस्तार गर्दथे । स्थानीय संरक्षक जिल्ला तहका संरक्षकको अगाडि समर्थकको भूमिका निर्वाह गर्दथ्यो। जिल्ला तहका संरक्षकको काठमाडौँसँग प्रभावकारी सम्बन्ध हुने गर्दथ्यो । यसकारण गाउँका स्थानीय संरक्षकको भूमिका गाउँसमाजलाई बाह्य समाजसँग जोड्नका लागि अति नै महत्त्वपूर्ण हुने गर्दथ्यो। यस सवालमा यहाँ उल्लेखनीय के छ भने स्थानीय संरक्षकहरू आफ्नो भूमिका निर्वाह गर्न निकै गाह्रो हुँदै गइरहेको गुनासो यदाकदा गर्दथे । उनीहरू आफूलाई एकातिर आफ्ना समर्थकहरूको बढ्दो माग र अर्कोतिर कर्मचारीतन्त्रको काम गर्ने प्रवृत्तिमा आएको ह्रासको मारमा परेको महसुस गर्दथे । अर्कोतर्फ, पहिलेका जस्ता सक्कली तथा प्रभावशाली नेताहरू रहेनन् भन्ने गुनासो समर्थकहरूको थियो। वि.स. २०३६का दशकतिर अर्घाराजस्थलमा प्रकाशमा आएका चार 'संरक्षक' हरू चार छुट्टाछुट्टै स्वशासित कार्यथलोका नेताहरू थिए । झैं-झगडा वा द्वन्द्वको अवस्थामा, चाहे त्यो पारस्परिक भनाभन वा गालीगलौज मात्र नै किन नहोस् यी कार्यथलोका प्रभावशाली कुलहरू दुई चिरपरिचित गुटहरूमा समाहित हुने गर्दथे । एकातिर अर्घाली भुसाल तिनका समर्थकहरू सहित थिए भने अर्कोतिर पुर्कोटे भुसाल र तिनका समर्थकहरू । सबभन्दा बढी द्वन्द्वात्मक अवस्था- चुनावताका हुने गर्दथ्यो जत्तिखेर अत्यधिक स्थानीय बासिन्दाहरू दुई गुट मध्ये कुनै एकका समर्थकका रूपमा प्रष्ट चिनिने गर्दथे। सच्चा र खुला रूपमा कतै पनि नलागेका मतदाता जो थोरै हुने गर्दथे उनीहरू दुवै पक्षहरूद्वारा अवहेलित हुने गर्दथे। यसकारण संरक्षकहरूको भूमिका चुनावी अभियानताका विशेष महत्त्वपूर्ण हुने गर्दथ्यो । उनीहरू पहिले आफ्नै समर्थकहरूको इमान्दारिता र समर्थन जुटाउने गर्दथे। त्यसपछि तिनै समर्थकहरूलाई कार्यथलो बाहिरका अन्य गुटहरूबाट मत खसाल्नका लागि परिचालन गर्ने गर्दथे। यस्तो चुनावी खेललाई मत चोर्ने काम भन्ने गरिन्थ्यो। यसैले गाउँलेहरूसँग मतदाताहरूका नियत र धारणा प्रष्ट हुन्थ्यो र चुनावी अभियानका अन्त्यातिर उनीहरूले गरेका भविष्यवाणी चुनावको अन्तिम नतीजासँग मिल्दो-जुल्दो हुने गर्दथ्यो ।

यसरी अर्घाराजस्थलको राजनैतिक जीवन प्रमुख रूपमा दुई भुसाल कुलका बिच रहेको प्रतिस्पर्धा मै आधारित थियो । भुसालहरूको पुरानो अर्घा राज्यमा प्रमुख वा महत्वपूर्ण स्थान थियो। चार शताब्दी अघि अर्घाका पहिलो राजासँग आएका यिनीहरूले राजगुरु र काजीका रूपमा सेवा गरेर राज्यको स्थापनाका लागि भरपूर सहयोग गरेका थिए। वि.सं. १८४३ मा गोरखालीहरूले अर्घा माथि विजय प्राप्त गरे पछि अर्घाली राजाहरू पदच्युत गरिएका थिए। यस कालका ऐतिहासिक कागजातहरू अत्यन्त दुर्लभ छन् जसका कारण यस समयमा भएका राजनैतिक फेरवदलहरूका ठोस वर्णन गर्न सकिदैंन, तर यस्तो लाग्छ अर्घामा पनि नेपालका अन्य ठाउँहरूमा झैं उही सिद्धान्त लागू गरिएको थियो जहाँ राज्यबाट नियुक्त मुखियाहरूले न्यायाधीश र कर उठाउने मान्छे दुवैका काम गर्दथे । यस्ता नियुक्तिहरू यस ठाउँका प्रभावशाली कुलका मानिसहरू मध्येबाटै हुने गर्दथ्यो। वास्तवमा १९ औं शताब्दीको अन्त्यातिर अर्घालीहरूका पुर्खा मानिने ठुलो मुखिया कमलापथी भुसाल एक पुरानो राज्य संचालन व्यवस्थाअन्तर्गत मिल्ने भागमा कार्यभार सम्हालेर बसेका थिए। वि.सं. २०१९ मा मुखिया पद्धतिको उन्मूलन हुँदासम्म उनका जेठा छोरा र जेठा नातिले उनको जिम्मेवारी निभाएका थिए। यसरी नै उनका कान्छा छोरा र नातिहरूले जिम्वाल अर्थात् सिंचाइयुक्त जमीनहरूका कर उठाउने काम गरेका थिए। त्यसका साथसाथै अर्घा भगवतीको मन्दिरमा मूल पुजारीको कार्य सञ्चालन गर्न अर्घाली पक्षकालाई नै सुम्पिएको थियो जुन आजको दिनसम्म जारी छ। आर्थिक हिसाबले यो मन्दिर राजगुठीद्वारा सञ्चालित थियो। अन्य कार्यालयहरू अरु प्रभावशाली कुलहरूलाई हस्तान्तरण गरियो जसमा पुर्कोटे भुसालहरू परे जो पूर्व काजीहरूका सन्तान थिए। पुर्कोटेहरूका पुर्खा धनेश्वर लगायत उनका हाँगाविँगा दाजुभाइहरूले उत्तरी अर्घाका दुई वार्डहरूमा (तालुकहरूमा) मुखिया अर्थात् असिंचित जग्गा जमिनका तिरो उठाउने कार्यभार सम्हाले।

अर्घाली र पुर्कोटे कुलहरूबिचको फुटको उत्पत्तिबारे हालका सदस्यहरू अनभिज्ञ छन् । यौटै कुरा थाहा छ भने पुर्कोटेहरू केही समय पुर्कोट अर्थात् पश्चिम गुल्मीमा बसाइँ सरेपछि एकीकरण पश्चात् अर्घाराजस्थल फर्केका हुन् । मध्य बीसौं शताब्दी अगाडिसम्म भुसालहरूबीच राजनैतिक कार्यभारका लागि प्रतिस्पर्धा रहेको भन्ने कुराको कुनै औपचारिक प्रमाण भेटिंदैन तथापि आज पनि सांस्कृतिक क्षेत्रमा धार्मिक प्रतिस्पर्धाका सङ्केतहरू प्रशस्त पाइन्छन् । दुई कुलहरूले अर्घाका केन्द्रीय देवतालाई छुट्टाछुट्टै पूजा गर्ने संस्कारको स्थापना गरे। यसवाहेक मन्दिरहरूको निर्माण र पुनर्स्थापना गरे जुन कुरा अभिलेखहरूमा होशियारीपूर्वक राखिएका छन् । ७ यस किसिमको भक्तिभावको प्रतिस्पर्धा बाहेक राजगुठी अन्तर्गत पर्ने जग्गाहरू बाँडफाँड गर्ने सवालमा कलह उब्जने गर्दथ्यो ।

आर्थिक, संख्यात्मक र सांगठनिक हिसावले प्रभावशाली दुई कुलहरूले स्थानीय जनसमुदायमा आफ्ना धार्मिक र राजनैतिक प्रभाव लाद्ने वा लागू गर्ने यसप्रकारको राजनैतिक स्वरूप वा पद्धति न त राणाहरूका पतनले ढलपलायो, न त पञ्चायती शासन व्यवस्थाले नै यसमाथि असर पार्यो। वि.सं. २०१९ मा गाउँका नेताहरू तोकिने नियमहरूमा आमूल परिवर्तन भयो। त्यसपछि सरकारी तवरबाट राज्यले नभै गाउँ परिषद्का सदस्यहरूले 'प्रधान' छान्न थाले। तथापि कुलहरूका सवालमा उनीहरूको सहभागिता र बाहुल्य भने उही नै रह्यो। यसरी अन्तिम अर्घाली ठूलो-मुखियाका छोरा मित्रलाल भुसाल अर्घाराजस्थलका पहिलो प्रधानपञ्च वन्न पुगे र उनका छोराले पनि पिताको वींडो थामे। यसैगरी बीस बर्षको अवधिसम्म गाउँ र जिल्ला तहमा उनका प्रमुख प्रतिद्वन्द्वी भनेका पुरकोटे नारायण थिए, जो धनेश्वरका सन्तानहरूमा सबभन्दा जेठा खलकका जेठा र उत्तरपूर्वका अन्तिम मुखिया थिए।

एउटा निर्वाचनयुक्त शासन पद्धतिभित्र यस किसिमको राजनैतिक वस्तुस्थितिको निरन्तरतालाई कसरी मूल्याङ्कन गर्न सकिएला? पञ्चायती निर्वाचनहरू राज्यद्वारा नै परिचालित हुने गर्दथे भनूँ भने सो भनाइ आफैमा अधुरो र अपुग हुन जान्छ, किनभने दुवै नेताहरू नयाँ सत्ता वा शासन पद्धतिका कर्मठ समर्थकहरू थिएनन्। वास्तवमा यस ठाउँका छेउछाउका धेरैले झैं पञ्चायतको गाउँफर्क अभियानमा (जसलाई सांस्कृतिक क्रान्तिको संज्ञा पनि दिइन्छ) मित्रलालले अस्थायी तवरमा आफ्नो पद छोड्नु परेको थियो। मतदाताहरूको पुराना मुखियाहरूमाथिको निर्भरता किटेर भन्ने पनि अमिल्दो र असत्य नै हुन आउँछ। एक त अत्यधिक गाउँलेहरू मित्रलाल वा नारायण कुनैसँग पनि सीधै आश्रित थिएनन्; गाउँलेहरूका यी दुई नेता न त तल्सिङ्ग नै थिए न त आसामी। यदि मतदाताहरूमाथि कसैको प्रभाव थियो त तिनैका संरक्षकको। यस सवालमा पुराना शक्तिहरूको निरन्तरताका मुख्य कारण एकातिर समर्थकहरूको संरक्षकप्रतिको ईमान्दारिता अर्घाली संरक्षकहरूको मित्रलालप्रतिको ईमान्दारिता थियो र अर्कोतिर पुर्कोटे संरक्षकहरूका नारायणप्रतिको ईमान्दारिता नै हो । यी दुई नेताहरू आज पनि कतिपय व्यक्तिहरूका मानसपटलमा ठूला मान्छे (भलाद्मी) का रूपमा रहेका छन् । यो शक्ति र समृद्धिका कारणले मात्र नभई उनीहरूको उदारपना र निष्पक्षी व्यवहारका कारणले पनि भएको हुनुपर्छ। यदि लोककथनमा विश्वास गर्ने हो भने (जुन अक्सर मानवशास्त्रीले गर्नुपर्ने हुन्छ) नेताप्रतिको ईमान्दारिता क्याम्प परिवर्तनको नतीजा भने थिएन। कम्तीमा पनि उल्लिखित भनाइहरूलाई पक्षीय वा गुटगत पद्धतिभित्र राखिनु पर्दछ किनभने सबै कुरा बोल्ने व्यक्तिको पहिचानमा भर पर्ने हुन्छ। प्रायः आफ्नो पक्षकाहरूलाई भलाद्मी र अर्को पक्षकालाई 'ठग' र 'शोषक'का रूपमा लिने प्रवृत्ति मानिसहरूमा पाइन्छ। यस संदर्भमा लोकप्रिय मतदानद्वारा गरिने छनौटको नै पुनर्व्याख्या गर्नु पर्ने स्थितिको सृजना भयो किनकि मतदान प्रणालीमा भागलिने पक्षधरहरूको प्रवृत्ति पनि त्यस्तै नै देखिन्थ्यो ।

वास्तविकतामा मतदाताले त्यस उम्मेदवारलाई वैधानिक मान्न गर्दथ्यो जसको पक्षमा उसले भोट हालेको हुन्थ्यो । यदि आफ्नो पक्षको उम्मेदवार प्रधान भएको खण्डमा ऊ तिनका निर्णय र निर्देशनहरूलाई अङ्गीकार गर्ने गर्दथ्यो तर विपक्षी उम्मेदवारले जितेको खण्डमा उसको नेतृत्वमा काम गर्न तयार हुँदैन थियो। उसको सोंच हुन्थ्यो- "मैले उसलाई भोट हालेकै थिइन, म किन उसले भनेको मानूँ ?"

दुवै भुसाल कुलका जेठाबाठा र आधा दर्जन भुसाल 'संरक्षक-समर्थक'हरूका बिचमा देखिएको गुटगत प्रतिष्पर्धा नै अर्घाराजस्थलमा लामो समयसम्म जरो गाडेको राजनैतिक वस्तुस्थितिलाई सञ्चालन र निरन्तरता दिने प्रमुख सिद्धान्त थियो। यस प्रकारको गुटवन्दीको असर विभिन्न क्षेत्रहरूमा पर्थ्यो जुन कुराबारे हामी यहाँ विस्तारमा उल्लेख गर्ने छैनौं । उदाहरणका लागि, एउटै गुट भित्रका विवादहरूलाई त्यस गुटका नेताहरूले सजिलै समाधान गर्दथे भने भिन्न गुटका सदस्यहरू बीच उठेको विवादले अक्सर द्वन्द्वको स्थिति सृजना गर्दथ्यो । गाउँ तहमा निर्णय लिने काममा पनि ठूलो प्रभाव पर्दथ्यो । विकासका योजनाहरूमा विपक्षी गुटका पहलहरूलाई नियमित रूपमा भाँड्ने र रोक्ने काम हुन्थ्यो । तथापि कुनै परिस्थितिमा भने यी गुटहरू (संरक्षक-समर्थक) को प्रभावकारी परिचालन बढी नै उत्पादनमूलक सावित हुने गर्दथे। हुनत हामीले यहाँ जोड दिन खोजिरहेको विषय राजनैतिक पहिचान र क्याम्प परिवर्तनमा गुटवन्दीको भूमिका थियो भन्ने हो। वास्तवमा भन्ने हो भने यदि दुवै गुटहरू एउटा निश्चित गाउँका ठाउँसँग आबद्ध थिए भने उनीहरू एउटा कुनै राजनैतिक पार्टी वा अझ किटेर भन्ने पर्दा एउटा राजनैतिक परिचयसँग आबद्ध थिए। एक पक्ष आफूलाई 'कांग्रेस' भनेर दावी गर्दथ्यो भने अर्को पक्ष 'कम्युनिष्ट' । यस प्रकारका पहिचानहरू केही शिक्षित बाहुन-क्षेत्री संरक्षकहरू लगायत गुटका बहुसंख्यक सदस्यहरूद्वारा प्रकाशमा ल्याइने गर्दथ्यो ।

यस्ता प्रकारका परिचयहरूको ठोस उत्पत्तिकाल किटेर भन्ने असजिलो छ । गाउँलेहरूका कुरा सुन्दा कहिलेकाहिं यस्तो लाग्थ्यो धेरै पहिले देखि नै आधा गाउँ कांग्रेस र अर्को आधा कम्युनिष्ट थियो । कोही यस्तो स्थिति पहिलो प्रजातान्त्रिक काल अर्थात् वि.स. २००७ साल पछि भएको भन्छन्, जत्तिखेर मध्यपश्चिम नेपालमा नेपाली कांग्रेस को दह्रो प्रभाव थियो । यसैका कारण स्थानीय विपक्षीहरूको पहिचान र झुकाव दह्रो हिसावले कम्युनिष्ट पार्टीतिर भएको हुनु पर्दछ। तर दुई प्रश्नहरू भने अनुत्तरित नै छन्; पहिलो त किन यस्तो पहिचान कांग्रेस का भित्री (आन्तरिक) गुट वा अरु पार्टीहरूको नभई कम्युनिष्ट पार्टीकै पक्षमा हुन गयो ? र दोस्रो कुनै वर्ग विशेषले नभई कसरी समाजका केही निश्चित स्थानीय मानिसहरू आफूहरूको पहिचान ने.क.पा. सँग जोड्दथे ? यस्ता खाले पहिचानका प्रकृया व्यक्तिगत प्रभाव तया संजालको कारणले विशेष प्रभावित हुन्थ्यो। यो कुरा गाउँ तहमा महसुस गरिएको हुन्थ्यो भने क्षेत्रीय तहमा र चुनावमा त अझ प्रष्ट रूपमा देखा पर्दथ्यो।

हामीले वर्णन गरेको अर्घाराजस्थलको राजनैतिक संरचनाले अर्घाखाँचीका सबै गाउँहरू र त्यसमा पनि जिल्लाका उत्तरी भागका प्राचीन वस्तीहरूको प्रतिनिधित्व गर्दछ। कसैले गुटगत विभाजनको अनुभव गरे त कसैले गरेनन्, तर पनि राजनैतिक पद्धति भने एउटा प्रभावशाली बाहुन-क्षेत्री कुल र तिनका समर्थ वरिपरि नै घुमिरहन्थ्यो । खनालहरू 'खन'मा पकड जमाउँथे भने वाङ्ला भुसालहरू (दुवै अर्घाली र पुर्कोटेभन्दा फरक) वाङ्लामा, गौतमहरू खिदिममा, बेलबासे र पौंडेलहरू महाभारत लेकमा ....। जिल्लाको राजनैतिक जीवनको दिशा यी कुलहरूका नेताहरूका इच्छा र आकांक्षामै भर पर्ने गर्दथ्यो । २००७ सालमा राणाहरूको पतनले यी नेताहरूलाई क्षेत्रीय राजनैतिक कार्यालयहरूमा पहुँच प्रदान गयो जसमा पहिले राणाहरू र सैनिकका वंशजहरूले एकाधिकार कायम गरेका थिए । ती पदहरू किन पनि महत्त्वपूर्ण रहन गए भने प्रशासनिक र विकासमूलक रणनीतिहरूले जिल्ला तहलाई महत्त्वपूर्ण स्रोतहरू प्रदान गर्दथ्यो। त्यसैले कुलहरू एकअर्काबिच आफ्ना सम्बन्धित ठाउँहरूमा नयाँ स्रोत र फाइदाहरू भित्र्याउन कडा प्रतिस्पर्धामा जुटे किनकि उनीहरूलाई राजनैतिक कार्यालयहरू हत्याउनु थियो जसले यस्ता पहुँचहरू प्रदान गर्दथे ।

सन् १९५० का दशकतिर यस ठाउँमा रहेको नेपाली कांग्रेस को बलियो उपस्थितिले त्यसपछिका राजनैतिक उत्पति र विकासमा ठूलो टेवा पुऱ्यायो । अर्घाखाँचीमा राणाहरूका विरुद्धको संघर्षमा तीन व्यक्तित्वहरू चिनिए, काशीनाथ गौतम, जो पार्टीका गाउँ समितिका नेता थिए र जसको जन्म अर्घाखाँचीको दक्षिण-पूर्वमा भएको थियो । दक्षिण-पश्चिममा पर्ने सिध्दाराका पुष्करनाथ पोखरेल र अर्घाका खुबिराम आचार्य। वि.सं. २०१६ को आम चुनावमा अर्घाखाँचीका दुई सीटका लागि कांग्रेस पार्टीले काशीनाथ र सुवर्ण शमशेरलाई मनोनयन गयो । पछि सुवर्ण शमशेरको उम्मेद्वारी फिर्तापछि पुष्करनाथले सो सीट पाए। आफ्नो मनोनयन नभएकोमा पार्टीसँग रुष्ट भएर कुभिरामले कांग्रेस छोडे र कम्युनिष्ट पार्टीमा प्रवेश गरे। फलतः पहिले कम्युनिष्टहरू सांगठनिक तवरले कमजोर रहेका उनको गृह ठाउँका (अर्घाखाँचीको उत्तर पश्चिम) खनाल र अर्घाली भुसालहरू विस्तारै कम्युनिष्टहरू तिर नजिकिए । जव काशीनाथ बी.पी. कोइरालाका मन्त्रिमण्डलमा छिरे तव पूर्व र पश्चिम अर्घाखाँचीको फाटो झन् बढ्न गयो। जत्ति पूर्वी अर्घाखाँची कांग्रेसको थलो भनेर चिनिन लाग्यो, त्यत्ति नै पश्चिम अर्घाखाँची ने.क.पा. को थलो भनेर चिनियो।

वि.सं. २०१७ को 'कू' ले कांग्रेस को स्थानीय प्रभावलाई निश्चय पनि तहसनहस पाऱ्यो र छुट्टै व्यक्तिहरूको उदयका निम्ति बाटो खुला गरिदियो। एक तराईका जमिन्दार र उद्योगपति जीव नारायण बेलबासे सिद्वाराको पूर्व ठूलो मुखिया पनि थिए उनीपछि मोहन शमशेरको पालामा जिल्लाका सभापति समेत भएका थिए। वि.सं. २००८ मा उनी कांग्रेस को सुधार समितिमा समेत रहेका थिए। पहिलो सदनको चुनावमा उनकै छिमेकी पुस्करनाथ पोखरेलको मनोनयन भएपछि उनको स्थानीय कांग्रेस राजनीतिको भविष्य खतरामा परेको थियो । वि.सं. २०१७ मा कांग्रेस राजनीतकोको पतनले उनको उदयलाई निरन्तरता प्रदान गर्यो। उनीले कांग्रेस देखि रुष्ट प्रभावशाली कुलहरू जस्तै आचार्यहरू, खनालहरू र विशेष गरी अर्घाली भुसालहरूका समर्थन जुटाउन सफल भए । उनको अर्घालीहरूसँगको सम्बन्ध विशेष थियो, किन भने उनकी आमाले सोही कुलमा जन्म लिएकी थिइन् र उनको पिताको चाँडै मृत्यु भएका कारण उनको पढाइ लेखाइ उनका मामा अर्थात् मित्रलालका बुबाले हेरेका थिए। यसै गरी पुर्कोटेहरूसँगको सम्बन्ध पनि उनले आफ्ना भाइकी छोरी पुर्कोटे नारायणलाई बिहेदान दिई सुदृढ पारेका थिए। यसै कारण उनी जिल्ला पञ्चायतका सभापति र त्यसपछि १५ वर्षसम्म अर्घाखाँचीका राष्ट्रिय पञ्चायत सदस्य (रा.प.स.) भए। पश्चिमका नेताहरूले पनि पूर्वका कांग्रेस विरुद्धको छवि प्रदान गर्ने सिलसिलामा उनैलाई समर्थन गरे। पश्चिमी नेताहरूले कम्युनिष्ट कार्यथलोका कुभिराम आचार्यमार्फत् लगातार सहयोग गर्दथे । कम्युनिष्ट कार्यथलोको नेतृत्व छिमेकी प्यूठानबाट मोहनविक्रम सिंहले गर्दथे ।

पूर्वका गौतमहरू, वाङ्लाका भुसालहरू र पोखरेलहरूले वि.स. २०२१ र २०२६ को रा.पं को चुनावमा काशीनाथका आफ्नै नातेदार र त्यसपछि उनका भाइका विरुद्ध पराजय भोग्न पर्यो भने नारायण (पुर्कोटे) भुसाललाई जिल्ला पञ्चायतका सभापतिमा जिताउन सफल भए । त्यसैले जिल्लाले पक्का गुटबन्दीको अनुभव गर्यो जुन अर्घाराजस्थल जस्ता गाउँहरूमा प्रतिध्वनित हुन पुग्यो। विद्यमान गुटबन्दी उही कुल, क्षेत्रीय र पार्टीगत आधारमा रहेको थियो । जिल्लासँग सम्बन्धित सबै विषयहरूमा हुने छलफलहरूमा पनि त्यहि फाटो विद्यमान रहने हुनाले पूर्व र पश्चिम बीचका शक्ति सन्तुलन नै जिल्ला पञ्चायतले लिने निर्णयहरूमा निर्णायक रहने गर्दथ्यो । सबभन्दा नाटकीय विषय सदरमुकामको चयन थियो, जुन कुलहरू बीचका साँठगाँठको फेरवदलका कारण बीस वर्षभित्र ठाडाकोटदेखि नरपानी हुँदै अन्त्यमा सन्धिखर्कमा पुग्यो ।

वि.सं.(२०२९-३६) को 'गाउँ फर्क' कालले कम्युनिष्ट र कांग्रेसबिचको मतभिन्नता र आपसी अन्तरविरोधहरूलाई केही हदसम्म मत्थर पाऱ्यो किनभने वी. भि. एन. सी.ले मनोनयन गरेको गाउँ सभाका प्रतिनिधिहरूले स्थानीय शक्तिको सही प्रतिनिधित्व गर्दैनथिए र उनीहरू कट्टर पञ्च थिए।

» *क्रमश...*

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को सार्वजनिक सुनुवाइ सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०७/०३

लुम्बीनी प्रदेश, पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा नं १, आखोदी क्षेत्रको निजि जग्गा, जग्गाधनि प्रमाण पुर्जा कि.न. ९०१ (६-१३-३-१), कि.न. ९०० (६-१३-३-२) र कि.न. ८४९ ( ३-२-१-०) जग्गा सम्माउने कार्य गरि खेति योग्य जग्गा बनाउने प्रस्ताव गरिएको छ। यस प्रस्ताव कार्यान्वयन गर्नका लागि तिनाउ गाउँपालिकाद्वारा प्रकाशित स्थानीय तहमा वातावरणतथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन तयार गरि स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार प्रतिवेदन तयारीका सिलसिलामा तिनाउ गाउँपालिका द्वारा प्रकशित संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८० को दफा ५ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको हो।

माथि उल्लेखित परियोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाब संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय सरोकारवालाहरु, संघ संस्थाका प्रतिनिधिहरु र प्रस्तावकको प्रतिनिधि बीच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा आयोजना गरिने हुँदा सम्बन्धित सबैको सक्रिय उपस्थितीको लागी अनुरोध गरिन्छ।

**कार्यक्रम हने मिति, समय र स्थानः**

| क्र. स. | मिति, समय | प्रस्ताव कार्यान्वयन क्षेत्र | स्थान |
|---|---|---|---|
| १ | २०८१/०७/०६, बिहान ८:०० बजे | तिनाउ गा.पा. वडा नं. १ स्थित आरखोदी क्षेत्र | तिनाउ गा.पा. वडा नं. १ स्थित आरखोदी स्थित प्रस्तावित क्षेत्र |

**थप जानकारीका लागी सम्पर्क नम्बर : ९८६७१८९०५१**

**पूर्व...**

यो मलाई राम्रोसँग थाहा छ । तपाईंको मन्त्रीमण्डल त्यसको साक्षात प्रमाण हो । तपाईंहरूका दलका नेता कार्यकर्ता प्रमाणित सहाकारी ठग हुन् । कोही जेलमा छन्, कोही फरार छन् ।'- उनले भनेका छन् ।

उनले सहकारी ठगलाई जोगाउन ओली नेतृत्वको सरकार लागेको र अब सहकारी पीडितको आवाजको नेतृत्व रास्वपाले गर्ने पनि बताएका छन् । लामिछानेले पार्टीका नेता कार्यकर्तालाई शीर ठाडो राख्न अपील गर्दै आफू सहकारी ठग नभएको दोहोऱ्याएका छन् ।

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# 'पाल्पामा सडक पूर्वाधारमा ६१ करोड ६२ लाख रुपैयाँ बजेट छ'

*लुम्बिनी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सडक पूर्वाधार विकास कार्यालय पाल्पाले २०७६ सालदेखि चार वर्षको अवधीमा १८२ किलोमिटर सडक विस्तार गरेको छ। २५ किलोमिटर नयाँ बाटो खनेको छ। ६८ किलोमिटर सडकमा ग्राभेल गरेको छ। २३ किलोमिटर सडक कालोपत्रे गरेको छ। ११ किलोमिटर सडक आरसीसी ढलान गरेको छ।*

*सडकलाई व्यवस्थित गरी वर्षायाममा समेत यातायात सञ्चालन गर्नको लागि चार वर्षको अवधीमा पाल्पामा ५५६ वटा कज्वे, कल्भर्ट निर्माण भएका छन्। पाल्पाका विभिन्न नदी तथा खोलमा १३ वटा पुल निर्माण भई १२ महिना यातायात सञ्चालन भएको छ। चालु आर्थिक वर्षमा मात्र ५ वटा नयाँ पुल सम्पन्न हुने छन् भने १ वटा झोलुङ्गे पुल निर्माण गरेको छ। जिल्लाभित्र भौतिक पूर्वाधार क्षेत्रमा भइरहेका विकास, चुनौती तथा वर्तमान अवस्थाको बारेमा केन्द्रित रहेर लुम्बिनीकर्मी **कृष्ण पोखरेल**ले सडक पूर्वाधार विकास कार्यालय पाल्पाका प्रमुख **बासुदेव भण्डारी** सँग गरेको कुराकानी :*



**बासुदेव भण्डारी, प्रमुख, सडक पूर्वाधार कार्यालय, पाल्पा**

***» गत आर्थिक वर्षमा कार्यालयले गरेको प्रगतिको अवस्था कस्तो छ ?***

गत आर्थिक वर्षमा ७५ करोड ६९ लाख ५० हजार रुपैयाँ पुँजीगत बजेट विनियोजन भएकोमा ५१ करोड १३ लाख ४६ हजार रुपैयाँ खर्च भई ६७.५५ प्रतिशत पुँजीगत प्रगति रहेको छ। सालवसाली योजनाहरु शतप्रतिशत सम्पन्न भएका छन्। बहुवर्षीय आयोजनामा टेण्डर प्रक्रियाबाट सुरु भएका छन्। २०१ वटा योजनाहरुमध्ये १६५ वटा सम्पन्न भएको, बाँकी योजनाहरु क्रमागतमा रहेका छन्। गत वर्ष नयाँ सडक निर्माण ४ किलोमिटर, २४ किलोमिटर सडक विस्तार, १० किलोमिटर सडक ग्राभेल,४ किलोमिटर सडक कालोपत्रे, एक सय वटा कज्वे कल्भर्ट निर्माण, २३ किलोमिटर पक्की नाली र साढे ६ किलोमिटर आरसीसी ढलान निर्माणको काम भएको छ।

***» पाल्पामा कार्यालयले मुख्य रुपमा हेर्दै आएका सडकहरु कुन–कुन हुन् ? ती क्षेत्रमा के–के काम भइरहेका छन् ?***

कार्यालयले हुमिन पूर्वखोला गाउँपालिकाको १६ किलोमिटर पहुँच मार्ग निर्माणमा लागेको छ। यो खण्डमा गत वर्ष ग्राभेलसहित २ किलोमिटर सडक कालोपत्रे भएको र बाँकी १४ किलोमिटर चालु आवमा सक्ने लक्ष्यका साथ लागेका छौं। सालझण्डी सुन्दरढुङ्गा सडक, तराई पहाड जोड्ने, अन्तरजिल्ला जोड्ने उत्तर दक्षिण सडकको ८ किलोमिटर सडक कालोपत्रे योजना रहेको छ। सडकको दायाँ बायाँ रुखहरु कटान हुन नसक्दा काम गर्न समस्या भएकोले मन्त्रिपरिषद्को निर्णयबाट रुख काट्ने स्विकृती प्राप्त भई रुपन्देही र पाल्पाको वन कार्यालयबाट प्रमाणिकरण गरेर अबको एक दुई महिनाभित्र रुख कटान गरी ८ किलोमिटर सडक कालोपत्रे हुनेछ। झुम्सा चरङ्गे वाइपास सडकको पाल्पातर्फको ८ किलोमिटर सडक विस्तार, ग्रावेललगायतका पूर्वाधारका काम भएका छन् भने अब कालोपत्रेको लागि अर्को वर्ष नयाँ ठेक्काबाट गर्ने मन्त्रालयले स्टिमेट गरेको छ।

गाईघाट, कल्लावारी, टाकीचौर, रानीमहल सडक गाईघाटमा पुल निर्माणसहित सडक स्तरउन्नती तथा ग्रावेल भएको छ। प्रदेशको गौरवको योजनाअन्तरगत रामपुर-कपुरकोट सडक खण्डको आर्यभञ्ज्याङ्ग-रामपुर खण्डको हुमिनदेखि ताहुँसम्म साढे ४ किमि सडक कालोपत्रेको लागि टेण्डरबाट सडक विस्तार, रिटेनिङ्ग वाल, टेवा पर्खाल, नाली कज्वे तथा कल्भर्ट निर्माणको काम भइरहेको छ। हार्थोक-छहरा खण्डको ७ किलोमिटरको डीपीआर तयारी गरी यातायात पूर्वाधार निर्देशनालयबाट टेण्डर आह्वान गरेर चालु आर्थिक वर्षबाटै काम सुरु हुनेछ। चिलाङ्दी-चापपानी -राम्दी सडकको गरनडाँडा क्षेत्रमा कालोपत्रेको लागि निर्माण व्यवसायीलाई ताकेता भइरहेको छ। पुरानो बिग्रेको सडक मर्मत सम्भारको काम रहेको छ।

***» जिल्लाभित्र पुल निर्माणको अवस्था के रहेको छ ?***

तिनाउ गाउँपालिकाको वडा नं. ३ र वडा नं. ४ जोड्ने सत्यवती पुल निर्माणको अन्तिम चरणमा पुगेको छ, चालु आवमै पुल निर्माणको काम पूरा हुनेछ। हुमिन-पूर्वखोला सडकको जमुनेघाटमा गत वर्ष स्लाप ढलान सकिएको र चालु आवमा निर्माण कार्य पूरा हुनेछ। झुम्सा-चरङ्गे सडकको बेलदमारमा निर्माण भइरहेको पुल चालु आर्थिक वर्षमा सकिने छ। तिनाउ गाउँपालिकाल र वडा नं १ कचल जोड्ने कुर्वानखोला पुल निर्माण सकिएको र रंगरोगन गरी अन्तिम चरणको काम भइरहेको छ। रिडिखोला, सिद्धेश्वर-मनभाग खोला पूल पनि चालु आर्थिक वर्षमा सकिने गरी काम भइरहेको छ। चालु आवमा ५ वटा पक्की पुलको निर्माण कार्य सम्पन्न हुनेछन्। गत वर्ष ३ पक्की पुल निस्दीखोला, गल्धा, कठैया सडक पुल, हुमिन पूर्वखोलाको सिमल्दीखोला पुल, हुमिन पूर्वखोला सडकको रकमखोला पुलको सम्झौता भएको छ।

***» प्रदेशकै नमूना पर्यटकीय तानसेन रानीमहल सडकमा के–के काम भएका छन् ?***

तानसेन रानीमहल सडक प्रदशकै नमूना पर्यटकीय सडक हो। गत वर्ष हात्तीढुङ्गा, बैकुण्ठे झरना क्षेत्रको अफ्ठेरो भू-भागमा १०० मिटर आरसीसी ढलान, सुरक्षाबार निर्माण गरी सडकलाई सुरक्षित बनाएका छौं। कैलाश नगरदेखि हात्तीढुङ्गासम्मको भू-भागमा कालोपत्रे मर्मत गरेका छौं। चालु आवमा कालोपत्रे मर्मतको लागि ४० लाख र सडकमा पर्ने छेरलुङ्गको कुलो क्षेत्र र पानी बग्ने स्थानमा आरसीसी ढलानको लागि ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

***» सडक पूर्वाधार कार्यालयमा योजनाहरुको छनौट प्रक्रिया कस्तो छ ?***

जिल्लामा सञ्चालनमा रहेका क्रमागत सडकहरु, प्रदेश सासंदहरुले सिफारिस गरेका योजनाहरु, पालिकाबाट माग भएका योजनाहरु, सर्वसाधारणहरुको प्रत्यक्ष पहुँचबाट, समूहगत मागको आधारमा आएका योजना तथा कार्यालयले सिफारिस गरेका योजनाहरुको आधारमा भौतिक पूर्वाधार मन्त्रालयले योजना छनौट गर्दै आएको छ। पछिल्लो समयमा योजनाको संख्या बढ्दै जाने, आउने बजेट घट्दै जाने समस्या बढेको छ।

***» जनताको आवश्यकता र प्रदेश सरकारको उद्देश्य लक्ष्यअनुसारका योजना आएका छन् त ?***

अहिले प्रदेशमा धेरै टुक्रे योजनाहरुको बाढी नै आएको छ। वडा र पालिकाले गर्ने स-साना टुक्रे योजनाहरु प्रदेशमा निकै धेरै आएका छन्। प्रदेश सडकको मापदण्ड निर्धारणदेखि प्रदेश राजमार्ग, प्रदेश सडक, पुलहरुलाई केन्द्रित गरेर प्रदेश सडक यातायात गुरुयोजनाको निर्माण अन्तिम चरणमा पुगेको केही समयभित्रै प्रदेशसभाबाट पारित भएपछि कार्यान्वयनमा आउने छ। गुरु योजना कार्यान्वयनमा आएपछि नीति, विधि मापदण्डअनुसार कार्यक्षेत्रहरु छुट्टिने छ। काम गर्न स्प्रष्ट हुनेछ। प्रदेशस्तरका ठूला-ठूला राजमार्ग, सडक पुलमा कार्यालयले काम गर्नेछ। स-साना टुक्रे योजना पालिकाले कार्यान्वयन गर्नेछ।

***» चालु आर्थिक वर्षमा के–कस्ता कार्यक्रमहरु रहेका छन् ?***

कार्यालयले सडक पुल कार्यक्रम र सडक पुल मर्मत गरी मुख्यता २ प्रकारका काम गर्दै आएको छ। सडक पुल कार्यक्रमअन्तरगत १६४ वटा योजनाको लागि ६१ करोड ६२ लाख रुपैयाँ रहेको छ। जसको लागि ८ लाखदेखि ११ करोडसम्मका योजना छन्। सडक तथा पुल मर्मतको लागि ११ वटा योजनाको लागि ६ करोड १४ लाख रुपैयाँ बजेट रहेको छ।

***» यति धेरै योजनाहरु कार्यान्वयनको लागि कार्यालयमा जनशक्तिको अवस्था कस्तो छ ?***

कार्यालयमा १४ जना स्थायी कर्मचारीको दरबन्दी रहेकोमा ७ जना मात्र कार्यरत रहेका छन्। १ जना इञ्जिनियर, एक जना सव-इञ्जिनियर, दुई जना कार्यालय सहयोगीले करारमा काम गर्दै आएका छन्। पहाडी जिल्ला भएकोले टुक्रे योजना धेरै छन्, तर जनशक्ति अभावको कारण काम गर्न कठिनाइ परेको छ। कर्मचारी अभावको बावजुत पनि सबै योजनाहरु समयमा कार्यान्वयन गरेका छौं।

***» समयमा काम सम्पन्न गर्न र योजनामा गुणस्तरीयता कायम गर्न कार्यालयले कसरी काम गरिरहेको छ ?***

कार्यालयले असोज मसान्तभित्र सबै योजनाको टेण्डर सूचना निकाल्ने, कार्तिक मसान्तसम्म टेण्डर भएका सबै योजनाको सम्झौता गर्ने र मंसिर महिनाबाट काम सुरु गर्ने, बहु वर्षियका योजना बाहेक अन्य सबै काम बैशाख मसान्तभित्र सक्ने गरी योजना बनाएर काम सुरु गरेका छौं। हालसम्म ९० प्रतिशत योजनाको टेण्डरको काम सकिएको र असोज मसान्तभित्र टेण्डरका सबै काम सक्ने छौं। हामीले सञ्चालन गरेका सबै योजनाको ल्याव टेष्ट गरेर र मापदण्डअनुसार गुणस्तरीय भए नभएको चेकजाँच गरेका छौं। गुणस्तरीयतामा कुनै सम्झौता भएको छैन।

***» काम सम्पन्न भएका तर भुक्तानी गर्न बाँकी भएका योजनाहरुको अवस्था के छ ?***

नियमित प्रक्रियाअनुसार असार २४ गते कारोबार बन्द हुने सिष्टम रहे पनि गत वर्ष असार २२ गते नै सिष्टम बन्द भएकोले १० वटा योजनाको १ करोड ३५ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी थियो। ७ वटा योजनाको चालु आवमा भुक्तानी भैसकेको र ३ वटा योजनको भुक्तानी प्रक्रियाको चरणमा रहेको छ।

***» योजनामा पर्याप्त बजेट नहुँदा आइपरेका समस्याहरु के–कस्ता छन् ?***

सरकारको ढुकुटीमा रकम अभावको कारण योजनामा पर्याप्त बजेट विनियोजन नभएको होला। बजेट अभावमा तोकिएको समयमा काम सम्पन्न नहुने, निर्माण व्यवसायीको सक्रियता कम हुने, योजनाहरु बिचमै अलपत्र हुने, कर्मचारीहरुलाई काम गराउन अफ्ठेरो पर्ने काममा ढिलासुस्ती हुने जस्ता समस्याहरु आउने गरेका छन्।

***» निर्माण व्यवसायीले समयमा काम गरे पनि भुक्तानी पाइदैन भन्छन्, विनियोजित बजेट भुक्तानीको अवस्था के–कस्तो रहेको छ ?***

अहिले प्रदेश सरकारले तीन-तीन महिनामा भुक्तानीको तालिका बनाएको छ। सरकारी ढुकुटीमा बजेट अभावको कारण सरकारले राजस्व संकलन गर्दै खर्च गर्दै आएको छ। मानौ कुनै व्यवसायीले माघमै काम सम्पन्न गरे पनि सबै भुक्तानीको लागि जेठ असार कुर्नुपर्ने अवस्था रहेको छ। त्रैमासिक भुक्तानी तालिका विपरित कार्यालयले भुक्तानी दिन पाइदैन।

***» सडक पूर्वाधार विकास कार्यालय पाल्पाले सञ्चालन गरेका कुनै समस्याग्रस्त योजना छन् ?***

सडक पूर्वाधार कार्यालयले आफैं सञ्चालन गरेका कुनै पनि समस्याग्रस्त योजना छैनन्। तत्कालिन जिल्ला प्राविधिक कार्यालयले एसएनआरटिपी कार्यक्रममार्फत् २०७२ सालमा सञ्चालन गरेको र पूर्वाधार कार्यालयमा हस्तान्तरण भएको चिलाङ्दी-चापपानी-राम्दी सडक अझैं सम्पन्न हुन सकेको छैन।

***» कार्यालयले कुनै निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको छ ?***

अहिलेसम्म कुनै निर्माण व्यवसायी तथा कम्पनीलाई कालोसूचीमा राख्ने अवस्था आएको छैन। चालु आर्थिक वर्षमा पनि चिलाङ्दी-चापपानी -राम्दी सडक सम्पन्न नभए अर्को वर्ष निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने प्रक्रिया सुरु हुन्छ।

***» आवश्यकताभन्दा पनि पहुँचको भरमा आएका योजनाहरु कार्यालयले कार्यान्वयन गरेको छ ?***

कार्यालयले स्थलगत अनुगमन गरेर आवश्यकता नभएका योजनाहरु कार्यान्वयन गरेको छैन।

***» कार्यालयले निर्माण गरेका सडक, पुललाई दिर्घकालीन बनाउन के–कस्ता काम गर्दै आएको छ ?***

जिल्ला भित्रका १३ वटा सडकहरुमा लेन्थवर्कर राखेर नियमित रुपमा सरसफाइदेखि मर्मत सम्भारको काम गर्दै आएका छौं। पुलहरुमा पनि नियमित रुपमा कार्यालयबाट अनुगमन गर्ने र कालोपत्रे सडकहरुका समय-समयमा मर्मत सम्भार गर्दै आएका छौं।

***» यो वर्ष कति आयोजनाको काम सम्पन्न होला ?***

यस वर्ष ५ पुल र ३ वटा सडक निर्माण कार्य सम्पन्न गर्ने गरी काममा खटिएका छौं। बहु वर्षीय योजना बाहेकका योजना २०८२ बैशाखभित्र सक्ने गरी काममा लागेका छौं। बेलैमा काम सक्न स्थानीय समुदाय, राजनैतिक दल र स्थानीय सरकारले सहयोग गर्नुपर्छ। विकास आयोजनाप्रति अपनत्व राख्नुपर्छ।

## बाघको आक्रमणबाट मृत्यु



नवलपुर। नवलपुरमा बाघको आक्रमणबाट एक जना पुरुषको मृत्यु भएको छ। शुक्रबार दिउँसो विनयी त्रिवेणी गाउँपालिका १ लक्ष्मीटाँडी निवासी ६३ वर्षीय पुरुष जीवबहादुर थिङको बाघको आक्रमणमा परि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाएको छ।

बिहान घरदेखि ५ सय मिटर परको जंगल तिनचुली मध्यवर्ती सामुदायिक वनमा घाँस काट्न गएको बेला उनलाई बाघले आक्रमण गरेको भन्ने उनीसँगै गएका छिमेकी बलराम न्यौपानेमार्फत् खबर पाएपछि खोजी गर्ने क्रममा जीवबहादुर थिङ मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

उनलाई बाघले घाँटीमा आक्रमण गरेको प्रहरीले जनाएको छ। वन कार्यालयका कर्मचारीसँग मिलेर घटना स्थलको मुचुल्का तयार पारि शव पोष्टमार्टमका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ। प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ।

## गुल्मीको सत्यवतीमा काष्ठकला कार्यशाला सुरु

**जगीलाल थापा**
*गुल्मी*

गुल्मीको सत्यवती गाउँपालिका वडा नं. ३, ठूलो लुम्पेक, सत्यवतीमा काष्ठतथा चित्रकला कार्याशाला सुरु भएको छ। सत्यवती गाउँपालिकाको आयोजना र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा सुरु भएको उक्त कार्यशालामा देशभरका २४ जना राष्ट्रिय मूर्ति तथा चित्रकारहरुले गुराँसको सुकेका काठहरुमा मूर्ति बनाउने छन्।

कार्यशालाको शुभारम्भ लुम्बिनी प्रदेश सांसद चिन्तामणि पाण्डेले गरेका थिए। कार्यशलाको शुभारम्भ गर्दै सांसद पाण्डेले सत्यवती क्षेत्र गुल्मीको मात्र नभएर देशकै सय वटा पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा समेत सूचीकृत भएको बताए। सत्यवतीको विकास र पर्यटन प्रवर्द्धनमा स्थानीय, प्रदेश र संघ सरकारको समन्वय, सहयोग र सहकार्यमा स्थानीयहरुको सहभागितालाई जोड दिन आवश्यक रहेको उनले उल्लेख गरे। राष्ट्रिय फूल लाली गुराँसका काठमा स्थानीय संस्कृति झल्किने चित्र तथा मूर्तिहरु निर्माण हुँदा आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिने सांसद पाण्डेले विश्वास व्यक्त गरे। सत्यवती गाउँपालिकाका अध्यक्ष टिकाराम पाण्डेले दश दिनसम्म चल्ने कार्याशालाले सत्यवतीको पहिचान दिने बताए। अध्यक्ष पाण्डेले सत्यवती क्षेत्रमा पर्यटन पूर्वाधार निर्माणअन्तर्गत काष्ठ, मूर्ति तथा चित्रकला कायर्यशाला गरिएको जनाए।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष जीतबहादुर तरामुमगरले सत्यवती क्षेत्रको ग्रामीण पर्यटन प्रवर्द्धनका लागि सञ्चालन गरिएको कार्याशालामा स्थानीय तथा अन्तर्राष्ट्रियस्तरका २४ जना मूर्तिकार तथा चित्रकारहरुको सहभागिता रहेको जानकारी दिए।

कार्यक्रममा सत्यवती गाउँपालिका वडा नं. २ का वडाध्यक्ष खड्गवीर थापामगर र वडा नं. ४ का वडाध्यक्ष पिताम्बर ज्ञवाली, प्राज्ञद्वय नरेन्द्र भण्डारी र यमबहादुर थापाले काष्ठ कला र त्यसको महत्वबारे विचार व्यक्त गरेका थिए। कार्याशालामा प्राज्ञ एवं मूर्तिकारहरू दिनेश्वर महतो, भुवन थापा, नरेन्द्र भण्डारी, यमबहादुर थापा, कलाकारहरू बेनु थापा, विशाल सारू मगर, कुशल थापा, सुमित्रा राना, सुजना श्रीस, हरि बयम्बु, श्याम प्रजापती, गोबिन्द चौधरी, शान्त राहादी, प्रीतम राना, अजय नेपाली, रिमा मिधुन, देवीराम राहादी, निलम राहादी, जय पुलामी, गामदेव तरामु, पूजन खतिवडा, यमबङ थापालगायत कलाकारहरूले आदिवासी ज्ञान र संस्कृति शीर्षकमा १० दिनसम्म विम्बात्मक मूर्ति र चित्रकलाहरु सिर्जना गर्ने सत्यवती गाउँपालिकाका बुद्धिजीवी अगुवा खोमा तरामुमगरले जानकारी दिए।

३ नं. वडा कार्यालयको समन्वय तथा साकटेक नेपाल, गुल्मीको व्यवस्थापनमा सञ्चालन भएको कार्यशालाको अवलोकन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न समेत सत्यवती गाउँपालिकाले आग्रह गरेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com